# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

पृथ्वीका जीवित प्राणीहरू मध्ये मानिसलाई सर्वोत्कृष्ट प्राणी मानिन्छ । मानव समुदायको सभ्यतासँगै समय काल परिस्थिति अनुसार आआफ्ना किसिमले प्रत्येक समुदायले आ-आफ्ना सन्तानहरूलाई कुनै न कुनै प्रकारले शिक्षा प्रदान गर्दै आइरहेको कुरा इतिहासबाट प्रष्ट हुन्छ । नेपालको शैक्षिक इतिहासलाई केलाउदा औपचारिक शिक्षाको विकासको इतिहास त्यति लामो पाँइदैन । शिक्षा विकासको दृष्टिले २००७ सालको परिवर्तन महत्वपूर्ण रहेको पाइन्छ । परम्परागत शिक्षामा आमूल परिवर्तन ल्याई सबै बालबालिकाहरूलाई कम्तिमा पनि प्राथमिक तहसम्मको शिक्षा दिलाउने उद्देश्यले राज्यले विभिन्न कार्यनीति, योजना र परियोजनाहरू लागुगर्दै आइरहेको छ । विभिन्न प्रयासका वावजुद पनि नेपालमा लगानीको तुलनामा अपेक्षाकृत उपलब्धि हासिलहुन सकिरहेको छैन । सीमित आर्थिक एवं मानवीय स्रोत साधन, भौगोलिक कठिनाइ, राजनीतिक अस्थिरता, गरिवी, जनचेतनाको अभाव जस्ता कारणहरूले विद्यालयको प्राथमिक तहमा सबै बालबालिकाहरूको पहुँच पुग्न सकेको छैन । विद्यालय प्रवेश गरेकाहरू मध्ये सबै बालबालिकाहरूले यस तहको शिक्षा पूरागर्न नसकिरहेको अवस्था विद्यमान छ (शिक्षा विभाग, २०६७) ।

शिक्षाको अवसरबाट कुनैपनि बालबालिकाले बञ्चित हुन नपरोस र गुणस्तरिय शिक्षाको माध्यमबाट उनीहरूको भविश्य सुनिश्चित होस् भन्ने उद्देश्यका साथ नेपाल सरकारले राज्यका स्रोतहरूलाई शिक्षाको विकासमा प्राथमिकता दिई लगानी गरेको छ । राज्यको कूल बार्षिक वजेटको लगभग १७ प्रतिशत शिक्षा क्षेत्रमा छुट्टयाइएकोबाट पनि यो कुरा प्रष्ट हुन आउँछ । यसका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सबैका लागि शिक्षा हाम्रो प्रतिवद्धता भन्ने वचन व्यक्त गरेको छ । यसैलाई मूल मन्त्र ठानी विभिन्न कार्यक्रम र नीतिहरू अगाडि सारेको छ ।

बालबालिकाहरू ऐतिहासिक कालदेखि नै विभिन्न किसिमका श्रम सम्वन्धी काममा संलग्न रहेको पाइन्छ । आफ्नो पारिवारिक स्तर पेशा र व्यवसायको आधारमा घरायसी काममा सहयोग गर्नुलाई कुनै खतरनाक बालश्रमको रुपमा लिइएको छैन । बालश्रमलाई प्राकृतिक रुपमा मानव विकासमा असर पुर्‍याउने, वाँच्ने अधिकार, विकासको अधिकार संरक्षणको

अधिकार र सहभागिताको अधिकारलाई असर पुऱ्याउने तत्वको रुपमा परिभाषित गरिएको छ (सिविन, २०६२) ।

प्राथमिक तहको शिक्षामा सबै बालबालिकाहरूको अधिकार सुनिश्चित गर्नका लागि विश्व शिक्षा मञ्चमा भएको सबैका लागि शिक्षा कार्यक्रममा नेपालले पनि आफ्नो प्रतिवद्धता जाहेर गरेको छ । यो राष्ट्रिय लक्ष्यको प्राप्तिमा एउटा प्रमुख बाधकको रुपमा विद्यालय छोड्ने दर रहेको छ । शिक्षा क्षेत्रमा हुने कुल खर्चको ५५.६ प्रतिशत रकम प्राथमिक तहमा खर्चहुने गर्छ गरेको छ । त्यसैले विद्यालय छोड्ने दरमा समयमा नै सुधार नआएमा उक्त लागानीबाट सार्थक उपलब्धि हासिल हुन सक्दैन । नेपालमा प्रत्येक तीन जना बालबालिकाहरूमध्ये एक जनाले प्राथमिक तह पूरा गर्दैनन् । वास्तवमा प्राथमिक तहको पढाइ त सामान्य लेखपढको आधारभूत स्तर हासिल गर्नका लागि न्यूनतम् आवश्यकता हो (सिविन, २०६२) ।

नेपालको अन्तरिम संविधानले १६ वर्ष मुनीको जनसंख्यालाई बालबालिकाको रुपमा परिभाषित गरेको छ र १४ वर्ष मुनीका बालबालिकाहरूलाई कुनै पनि श्रम सम्वन्धी काममा लगाउन बन्देज गरेको छ । १४ देखि १६ वर्षका बालबालिकाहरूलाई उनीहरूको विकास प्रक्रियामा अवरोध नपुग्ने गरी सुविधाजनक स्थानमा दैनिक बढीमा ६ घण्टा सम्म काम गर्नसक्ने व्यवस्था गरेको छ ।

ऐतिहासिक रुपमा भन्ने हो भने बालश्रमको चर्चा सर्वप्रथम सोह्रौं शताब्दी तिर भएको पाइन्छ । जर्मनी, फ्रान्स र बेलायततिर कपडा कारखाना, सिसा बनाउने कारखाना र इँटा कारखानामा काम लगाइन्थ्यो भने नर्वे र स्वीडेनमा खेती, गोठाला जाने र माछा मार्ने काममा लगाइन्थ्यो । नेपालमा बालश्रम फैलदोक्रममा रहेको छ । कृषि क्षेत्रको विभिन्न क्रियाकलापहरूमा व्यापारिक क्षेत्रमा औधोगिक होटल तथा यातायातको क्षेत्रमा थुप्रै बालश्रमिकहरू रहेका छन् । घरेलु श्रमिकको रुपमा भरिया र सडकका खाते बालबालिकाहरूको रुपमा समेत बालश्रम अस्तित्वमा रहेको छ ।

देशको चौतर्फी विकासको लागि शिक्षालाई एउटा प्रमुख माध्यमको रुपमा लिइएको छ । सबैका लागि शिक्षा र विकासका लागि शिक्षाका अवधारणालाई आत्मसात गरी शिक्षालाई राष्ट्रको यथार्थसँग गाँसेर उपलव्ध स्रोत र साधनको समुचित उपयोग गरी जनशक्ति उत्पादन गर्नका लागि राज्यले अख्तियार गरेको शिक्षा नीतिको प्रमुख भूमिका रहन्छ ।

त्यसैले सक्षम उत्पादनशील, अनुशासित तथा सामाजिक दायित्व प्रति जिम्मेवार नागरिक उत्पादन गर्न सबैको पहुँच भित्र आउने प्रकारको गुणात्मक शिक्षाको विकास गर्दै एक्काइसौं शताव्दीमा राष्ट्रसामु देखापर्ने चुनौतिहरूको सामनागर्न सक्ने जनशत्ति उत्पादनमा जुट्नु आवश्यक छ (रा.यो.आ., २०५९) ।

शैक्षिक प्रक्रियामा सरकार, परिवार, समुदाय र गैर सरकारी संस्थाहरूलाई साझेदारका रुपमा सरिक गराउने रोजगारीको खोजी लगायत अन्य कारणहरूले वीचमा नै विद्यालय छोड्ने बालबालिकाहरूको प्रवृत्तिलाई रोक्न र घटाउनका लागि विशेष उपायहरू अपनाउनु पर्छ (शिक्षा विभाग, २०६४) ।

प्रत्येक बालबालिकाले कम्तिमा पनि प्राथमिक तहसम्मको शिक्षा पाउनुलाई उसको नैसर्गिक अधिकार मानिन्छ । अतः वर्तमान अवस्थामा सबैका लागि शिक्षा, अनिवार्य प्राथमिक शिक्षा र निशुल्क प्राथमिक शिक्षा जस्ता अवधारणाा अघि सारिएको छ । राज्यले जे जस्ता अवधारणाा अगाडि सारेको भएता पनि सबैले उक्त तह पूरागर्न सक्दैनन् किनकि विद्यार्थीको आर्थिक, सामाजिक, भाषिक, साँस्कृतिक भौगोलिक जस्ता कारणहरूले गर्दा विद्यालयको जुन तहमा भर्ना हुन्छन् उक्त तह पूरा नगर्दै वीचमा नै विद्यालय छोड्ने गर्दछन् ।

विकासको मेरुदण्ड मानिने शिक्षा सबै बालबालिकाहरूले प्राप्त गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो भन्ने मान्यतालाई राज्यले अङ्गिकार गर्दै आएको छ । अनिवार्य प्राथमिक शिक्षा, सबैका लागि शिक्षा, निशुल्क शिक्षा जीवन पर्यन्त शिक्षा जस्ता अवधारणाालाई अघिसारिएको छ । यस्ता अवधारणााका बावजुद पनि नेपालमा विद्यालय जाने उमेरका करिव ३० प्रतिशत बालबालिकाहरू अझै विद्यालयको दायरामा समेट्न नसकिएको यथार्थता विभिन्न अध्ययन अनुसन्धानहरूले देखाइरहेको छ । आजको यो विज्ञान र प्रविधिको युगमा पनि ३० प्रतिशत बालबालिकाहरू विद्यालयको ढोका भन्दा वाहिर छन् । भित्र प्रवेश गरेका ७० प्रतिशत बालबालिकाहरू मध्ये कतिले विविध कारणले विद्यालयको प्राथमिक तह पूरा नगर्दै विद्यालय छोड्ने गर्दछन् र अध्ययनरत विद्यार्थीहरूको लागि पनि ५ वर्षे प्राथमिक तह पूरागर्न सरदर ९ देखि १२ वर्षसम्म लाग्ने अवस्था देखिएको छ ।

स्तरीय आधारभूत शिक्षामा बालबालिकाहरूको समान र पूर्ण पहुँच सुनिश्चित गर्ने काममा केन्द्रीत भई सन् २०१५ सम्ममा शिक्षा क्षेत्रमा जातिय क्षेत्रिय लैङ्गिक र वर्गीय असमानता हटाई समानता हासिलगर्ने राष्ट्रिय लक्ष्यलाई मनन् गर्दै वीचमा नै विद्यालय छोड्ने

प्रवृत्तिलाई रोक्न र घटाउनका लागि विशेष उपायहरू अपनाउनु पर्छ । बालश्रमिकहरू विश्व भरी नै पाइन्छन् । यसले बालबालिकाको शारीरिक मानसिक, वौद्धिक तथा संवेगात्मक विकासमा अवरोध सृजना गर्दछ । बालश्रमिक बन्नुपर्ने विभिन्न कारणहरू जस्तै कमजोर अर्थिक अवस्था, अभिभावक शिक्षाको अभाव, शैक्षिक अवसर तथा पहुँचको कमी, अशान्ती, वढ्दो महङ्गी र महङ्गो जीवनस्तर तथा प्राकृतिक प्रकोप जस्ता कारणहरू मध्ये यस क्षेत्रमा कुनकुन बढी जिम्मेवार रहेका छन् ।

अहिले हाम्रो देशमा सार्वजनिक र नीजिगरी जम्मा २८१३१ वटा विद्यालयहरू रहेका छन् । प्राथमिक तहमा भर्नादर ८७.४ प्रतिशत रहेको छ । विद्यालय जाने उमेरका बालबालिकामध्ये आदिवासी जनजाती ३८ प्रतिशत, दलित १८ प्रतिशत अपाङ्ग १ प्रतिशत र  बाँकी ४१ प्रतिशत अन्य रहेका छन् । प्राथमिक शिक्षामा महिला शिक्षकको अनुपात ३०.८, दलित शिक्षकको अनुपात २.५, जनजाति शिक्षकको अनुपात १७.८ रहेको छ । यसरी शिक्षामा सबै लिङ्ग, वर्ग र जातजातिको समान सहभागिता देखिदैन । सबै जातजाति भाषाभाषी, धर्म, वर्ग, लिङ्ग, वर्णका वीचमा सहिष्णुता, मेलमिलाप, तथा मैत्रीभावको विकास शिक्षाले नै गर्दछ । देशमा शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्र संघिय प्रयत्नलाई अघि बढाउने छ र आफ्ना बालबालिकाहरूको शिक्षा रोज्ने अधिकार अभिभावकहरूलाई समेत हुनेछ  भनी नेपालको अन्तरिम संविधान २०६३ मा भनिएको छ (गौतम, २०६४) ।

राज्यले सबैका लागि शिक्षाको समान अवसर सृजना गर्न विद्यमान सामाजिक तथा आर्थिक विकासमा ठूलो फड्को मार्नुपर्ने हुन्छ । हाम्रो समाजमा असमान सामाजिक तथा आर्थिक संरचना भएकाले विद्यालयमा पढ्ने बालबालिकाहरूको सिकाइ उपलव्धि तथा शिक्षामा सहभागिता समान हुन सक्दैन । नेपालले सबै बालबालिकाहरूका लागि आधारभूत शिक्षाको अधिकार सुनिश्चित गर्ने प्रतिवद्धता गरेपनि त्यसलाई व्यवहारमा उतार्न सकिरहेको छैन किनकि विद्यालय छोड्ने दर प्राथमिक तहमा उच्च रहेको छ ।

नेपालको परम्परागत सोचाइ जातिय र वर्ण व्यवस्थापन अनुसार नेपालीहरूको पेशा र व्यवसाय निर्धारण भएको पाइन्छ । अत्यन्त कमजोर आर्थिक अवस्था भएका ग्रामीण क्षेत्रका गरिव दलित जातजातीका बालबालिकाहरू विद्यालयको नियमित अध्ययनलार्य छोडेर परिवार आफ्नो व्यक्तिगत जीवन निर्वाहका लागि आय आर्जन गर्ने विभिन्न व्यवसाय, उद्योग, कलकारखाना, यातायातका साथै घरेलु श्रमिकको रुपमा संलग्न रहेको पाइन्छ । विश्वमा प्रतिवर्ष १० करोड बालबालिकाहरू विद्यालयको प्राथमिक तहमा भर्ना नै हुन नपाउने र

विद्यालय भर्ना भएका प्रत्येक ३ जना बालबालिकाहरू मध्ये एक जनाले प्राथमिक तहको कक्षा ५ पूरा नहुदै विद्यालय छोडिरहेको अवस्था छ ।

शिक्षा विकासको आधारभूत तत्व हो । शिक्षा प्राप्त गर्नु बालबालिकाहरूको नैसर्गिक अधिकार हो । राज्यका सम्पूर्ण बालबालिकाहरूलाई न्यूनतम शिक्षाको व्यवस्था गर्नु पनि राज्यको प्रमुख दायित्व हो । नेपालको विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कलाई हेर्ने हो भने हालसम्म २० देखि ३० प्रतिशत विद्यालय उमेरका बालबालिकाहरू विद्यालय शिक्षामा समाहित हुन सकिरहेका छैनन् । त्यस्तै ३० देखि ४५ प्रतिशत विद्यालय भर्ना भएका बालबालिकाहरू सो तहको शिक्षा पूरा नगरिकन नै विद्यालय छोड्ने गर्दछन् (शैक्षिक तथ्याङ्क -२०६३) । धेरैजसो विकासशील देशहरू बालश्रमबाट मुक्त रहेका छैनन् । दक्षिण एशियाका देशहरूमा यो अवस्था झन् भयावह रहेको पाइन्छ । नेपालपनि यो अवस्थाबाट मुक्त रहेको छैन ।

नेपाल एउटा बहुभाषिक, बहुधार्मिक तथा बहुजातिय राज्य हो । यहाँका सबै जातजाति, भाषाभाषी सबै धर्म सँस्कृति तथा वर्गका बालबालिकाहरूको शिक्षामा समान सहभागिता रहेको पाइदैन । त्यसैगरी विद्यालय छोड्ने दरमा पनि समुदाय नै पिच्छे फरक फरक अवस्था छ । न्यून आयस्तर भएका समुदाय, दलित जाति तथा महिलाहरूको विद्यालय छोड्ने दर उच्च रहेको छ । विद्यालय छोडाइलाई प्राथमिक तहको एक प्रमुख शैक्षिक क्षति मान्न सकिन्छ । प्राथमिक तहको शिक्षा पूरा नगरिकनै विद्यालय छोड्ने विभिन्न कारणहरू मध्ये बालश्रम पनि एक हो ।

## १.२ समस्याको कथन

बालश्रम नेपालमा हाल मुद्धाको रुपमा रहेको छ । यो  नेपालमा प्रत्यक्ष र अप्रत्यक्ष विभिन्न रुपमा धेरैवर्ष अगाडिदेखि नै अस्तित्वमा रहेको पाइन्छ । बालश्रमको समस्यालाई सृजनागर्ने विभिन्न रुपहरू नेपालमा जिम्मेवार रहेका छन् । प्राचीन नेपालमा ठूलो संख्यामा रहेका गाउँका साहुमहाजन, धनी व्यक्तिहरूले गोठाला कमैया र हलियाका रुपमा बालबालिका-हरूलाई घरायसी काममा लगाउने प्रचलन रहेको थियो । गरिवीले सताएको कृषिमा आधारित देश नेपालमा घरायसी श्रमिकको रुपमा बालबालिकाहरूको प्रयोग गरिने र उनीहरूका बाबुआमाले आफ्ना बालबालिकाहरूलाई खान लगाउन र उनीहरूको व्यक्तित्व विकासमा ध्यान दिने नभई बालबालिकाहरूलाई नै परिवारको आम्दानीको स्रोत बनाएको

अवस्था छ । घरमा आफ्ना अभिभावकको प्रसस्त माया, हेरचाह र उपयुक्त सल्लाह, सुझाव पाउने अवस्था नहुदा उनीहरू घरबाट वाहिर जाने र विभिन्न किसिमका श्रम क्षेत्रमा संलग्न रहनुपर्ने कारणले औपचारिक शिक्षाबाट बञ्चित रहने गरेका छन् ।

बालबालिकाहरू आफ्नो पढ्ने उमेरमा विभिन्न प्रकारका श्रमयुक्त काममा लागिरहनु परेको अवस्था पाइन्छ । यसरी कामगर्दा उनीहरूले अध्ययनको अवसर पाउदैनन् र विद्यालय शिक्षाबाट बञ्चित हुन्छन् । यसरी शिक्षाको अवसरबाट बञ्चित भइरहेको सन्दर्भमा बालश्रमका कारण विद्यालय छोड्ने विद्यार्थीहरूको अवस्था कस्तो छ ? उनीहरू बालश्रमका कुनकुन क्षेत्रमा काम गरिरहेका छन् ? बालश्रमका कारण विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्न कस्ता उपायहरू अवलम्वन गर्न सकिन्छ भन्ने जस्ता समस्याहरूको समाधानका लागि विद्यालय छोडाइमा बालश्रमको प्रभाव सम्वन्धी विषयको छनौट गरी अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय उमेरका कोहिपनि बालबालिका शिक्षा प्राप्तगर्ने अवसरबाट बञ्चित हुन हुदैन । हाल नीतिगत रुपमा नै अनिवार्य प्राथमिक शिक्षा, निशुल्क तथा जीवन पर्यन्त शिक्षा, सबैका लागि शिक्षा जस्ता कार्यक्रम तथा अवधारणाहरू अघि सारिएको छ । यस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएतापनि केही बालबालिकाहरू अझैपनि विद्यालय शिक्षाबाट बञ्चित छन् । विद्यालयमा भर्ना भएकाहरू पनि प्राथमिक तह पूरा नहुदै विद्यालय छोड्ने गरेको अवस्था विद्यमान छ । सामुदायिक प्राथमिक विद्यालयहरूमा हाल रहेको विद्यार्थीहरूको भर्ना दर, कक्षा दोहोर्‍याउने दर र कक्षा छोड्ने दरको विश्लेषण गरी यस क्षेत्रमा प्रा.वि. तहका विद्यार्थीहरूको अवस्थाका बारेमा जानकारी गराउने कार्यमा यस अनुसन्धानले सहयोग पुर्‍याउँछ ।

आफ्नो शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने बेलामा बालबालिकाहरूले श्रमिकको रुपमा काम गरिरहनु परेको अवस्था छ । बालबालिकाहरू विभिन्न कारणले बालश्रमिक बन्न बाध्य छन् । आफ्नै घरमा र घर वाहिर काम गर्नुपर्ने भएकाले उनीहरूले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन सकिरहेका छैनन् । यसरी बालश्रममा संलग्नहरू मध्ये कुनकुन क्षेत्रमा बालबालिकाहरू काम गरिरहेका छन् । ती क्षेत्रहरूमा काम गर्दा उनीहरूले कस्तो प्रकारको जोखिम मोल्नु परिरहेको छ । क-कसका  कारणले उनीहरू श्रमिकको रुपमा काम

गर्न बाध्य छन् । आफ्नो अध्ययन कार्यलाई बीचैमा छोड्नुका पछाडि के-कस्ता कारणहरू रहेका छन् । त्यसमा बालश्रमको हिस्सा कति रहेको छ भन्ने जानकारी प्राप्तगर्नका लागि यो अनुसन्धान गरिएको छ ।

बालबालिकाहरूले विद्यालय छोड्ने कारणहरूको विश्लेषण गर्दै उनीहरूलाई बीचैमा विद्यालय छोड्ने परिस्थितिबाट मुक्त गराउनु पर्छ । त्यसमा पनि बालश्रमकै कारण विद्यालय छोड्ने अवस्था आउन नदिन र यस्तो अवस्थालाई न्यूनीकरण गर्ने उपायहरूको खोजिगर्ने कार्यमा यो अध्ययन केन्द्रित छ । यसले नीतिनिर्माताहरूलाई प्राथमिक शिक्षा निशुल्क भनिएता पनि कैयौ बालबालिकाहरू विद्यालय शिक्षाबाट बञ्चित भएका र बीचैमा कक्षा छोड्ने विद्यार्थीहरूको संख्यापनि प्रसस्तै रहेको जानकारी गराउनुका साथै यस्तो परिस्थिति सृजनाहुनुको कारणहरूका बारेमा पनि जानकारी गराउँछ । यस अनुसन्धानले बढी बालबालिकाहरू प्रयोग भइरहेको श्रमको क्षेत्रका बारेमा जानकारी प्रदान गर्नेछ । यसका अतिरिक्त बालबालिकाहरू के-कस्ता कारणले बालश्रममा लाग्न बाध्य छन् भन्ने जानकारी हुनुका साथै बालश्रमले विद्यालय छोडाइमा पारेको प्रभाव र त्यसको नियन्त्रणका उपायहरू समेत सुझाइएकाले विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा शिक्षा विभागलाई पनि बीचैमा विद्यालय छोड्ने कार्यलाई नियन्त्रण गर्न सहयोग पुऱ्याउँनेछ । साथै विद्यालय छोड्ने विद्यार्थीहरूलाई विद्यालयमा नै टिकाइ राख्नका निम्ति अपनाउनुपर्ने उपायहरूका बारेमा केही जानकारी प्रदान गर्दछ भन्ने कुरामा विश्वास गरिएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अनुसन्धानका उद्देश्यहरू निम्नलिखित छन् :

१. सार्वजनिक प्राथमिक विद्यालयमा बालश्रमिकको स्थिति लेखाजोखा गर्ने ।

२. बालश्रमका विविध क्षेत्रहरूको विश्लेषण गर्ने ।

३. बालश्रमिकले विद्यालय छोड्नाका कारणहरू पहिचान गर्ने ।

४. बालश्रमिकले विद्यालय छोड्ने अवस्थालाई सुधार गर्ने उपायहरू सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानका लागि निम्न लिखित अनुसन्धनात्मक प्रश्नहरू रहेका छन् :

१. सार्वजनिक प्राथमिक विद्यालयका विद्यार्थीहरूको बीचैमा कक्षा छोड्ने दर कस्तो रहेको छ ?

२. बालबालिकाहरूले कुन-कुन क्षेत्रमा काम गरिरहेका छन् ?

३. बालबालिकाहरूले बीचैमा विद्यालय छोड्ने कारणहरू के के हुन् ?

४. बालश्रमका कारण विद्यालय छोड्ने दर कस्तो रहेको छ ?

५. बालश्रमका कारण बीचैमा विद्यालय छोड्ने दरलाई न्यूनीकरण गर्ने उपायहरू के-के हुन ?

## १.६ अध्ययनको परिसीमा

हरेक विषयको अध्ययन गर्ने क्रममा निश्चित सीमाहरूमा बाँधिनुपर्ने हुन्छ किनकी कुनैपनि विषयको सबैपक्षको अध्ययन एकै विषय, समय र क्षेत्रबाट सम्भव हुदैन । यो अध्ययन झापा जिल्लाको तोपगाछी स्रोत केन्द्र अन्तर्गतका पाँचवटा प्राथमिक विद्यलयहरूमा केन्द्रीत रहेको छ । ती पाँचवटा सार्वजनिक प्राथमिक विद्यालयहरूको विद्यार्थी भर्ना र विद्यालय छोड्ने दर, बालश्रमका क्षेत्रहरूको पहिचान र विश्लेषण गर्ने साथै विद्यालय छोड्ने दरलाई न्यूनीकरण गर्ने उपायहरूको खोजी गर्ने कार्यमा मात्र यो अनुसन्धान केन्द्रीत रहेको छ । त्यसैले यो अध्ययनको निष्कर्षले यसै क्षेत्रमा बालश्रमका कारण बीचैमा विद्यालय छोड्ने बालबालिकाहरूलाई पुन विद्यालयमा भर्ना गर्ने वातावरण तयार गर्न सहयोग गर्न सक्छ । यस अध्ययनको निष्कर्षलाई देशैभरीको अवस्थाको रुपमा सामान्यीकरण गर्नभने कठिन हुन्छ ।

## १.७ सम्बन्धित शब्दावलीहरूको परिभाषा

बालबालिका : देशको कानुन अनुसार १६ वर्ष मुनिका विद्यालय जाने उमेरको जनसंख्या ।

| | | |
|---|---|---|
| बालश्रम | : | दक्ष नागरिक नभइकन विद्यालय जाने उमेरमा विभिन्न किसिमका श्रम सम्वन्धि काममा रहनु पर्ने अवस्था । |
| सामुदायिक विद्यालय | : | नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय । |
| विद्यालय छोड्ने | : | विद्यालयमा भर्नाभई कक्षा वा तह पूरा नगरी विद्यालय छोड्ने बालबालिका । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

यस परिच्छेदमा अध्ययनसँग सम्बन्धित लेख, रचना अध्ययन र अनुसन्धान प्रतिवेदनहरूको पुनरावलोकन गरिनुका साथै अध्ययनको निष्कर्षलाई व्याख्या विश्लेषण गर्नका लागि आवश्यक सैद्धान्तिक खाका समेत प्रस्तुत गरिएका छ । साथै यस अध्ययनको शैक्षिक उपादेयतालाई पनि यहाँ समावेश गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सबै बालबालिकाहरूले आधारभूत तहको शिक्षा अनिवार्य रुपले पाउनुपर्ने भएतापनि कैयौ बालबालिकाहरू विद्यालय शिक्षाबाट बञ्चित छन् । कक्षा एकमा भर्ना भएका सबै बालबालिकाहरूले प्राथमिक तह पूरा गरेको पाइदैन । कैयौ बालबालिकाहरूले वीचमै कक्षा छोड्ने गरेको पाइन्छ । यस विषयसँग सम्बन्धित लेखहरू, विभिन्न व्यक्ति तथा संस्थाले गरेका अनुसन्धानको प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख प्रकाशित तथा अप्रकासित कृतिहरूको पुनरावलोकन यस अध्ययनमा गरिएको छ ।

सेरिड (१९८७) का अनुसार प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरू मध्ये अधिकांश बालबालिकाहरू घरको काममा संलग्न रहेको पाइन्छ । त्यस अध्ययनमा बालबालिकाहरूले विद्यालय छोड्ने कारणहरूलाई बालबालिकासँग सम्बन्धित तत्वहरू, परिवारसँग सम्बन्धित तत्वहरू, विद्यालयसँग सम्बन्धित तत्वहरू भनी वर्गीकरण गरिएको छ । बालबालिकासँग सम्बन्धित तत्वहरूमा उमेर, लिङ्ग, बावुआमाको शैक्षिक स्तर, परिवारको आर्थिक अवस्था, घरायसी काममा संलग्नता आदि उल्लेख गरिएको छ । परिवारसँग सम्बन्धित कारणहरूमा मातृभाषा नेपाली नभएका, बालबालिकाको संख्या आदि उल्लेख गरिएको छ । त्यस्तै विद्यालयसँग सम्बन्धित कारणहरूमा स्थानीय शिक्षक, भौतिक सुविधा, शिक्षक विद्यार्थी अनुपात, शिक्षकहरूको भूमिका, विद्यालयको दुरी आदि पाइएको छ (सेरिड, १९८०) ।

सिंह (२००२) का अनुसार कैयौं बालबालिकाहरू कारखानामा, सडक व्यापारिको रुपमा, फोहोर मैला संकलन गर्ने जस्ताकाममा संलग्न रहेको पाइन्छ । लामो समय जोखिमयुक्त काममा संलग्न भएपनि उनीहरूको पारिश्रमिक अत्यन्तै न्यून रहेको छ । आफ्नो शिक्षा, स्वास्थ्य, मनोरञ्जन, संरक्षण, र व्यक्तित्व विकास जस्ता अवसरलाई परित्याग गरेर आर्जन

गरेको सामान्य ज्याला उनीहरूको जीवन निर्वाहका लागि पर्याप्त रहेको पाइदैन । यस्तो प्रकारको बालश्रमले उनीहरूको व्यक्तित्व विकासमा बाधा पुग्नका साथै बाल बेश्यावृत्ती, सडकमा माग्ने तथा चोरीगर्ने अवस्थाको समेत सृजना भएको छ । सामान्य प्रकारका बालश्रमले बालबालिकाहरूको सामाजिक, शारीरिक, मानसिक विकासमा केही फाइदा समेत हुने गरेको छ । यसका मद्धतले बालबालिकाहरूले आफूलाई सामाजिकीकरण गर्दै समाजको एउटा अङ्गमा आफूलाई रुपान्तरण गर्न सक्छन् । बालश्रमका कतिपय स्वरुपले हाम्रो कतिपय सामाजिक बनावटको स्वरुपलाई समेत प्रतिबिम्वित गरेको पाइन्छ (सिंह, २००२) ।

भट्ट (२०६२) ले तयार पार्नुभएको **विद्यालय छोडाइमा सामाजिक साँस्कृतिक प्रभाव** शीर्षकको शोधपत्रमा लिङ्ग, जातजाति र कक्षागत आधारमा बीचैमा विद्यालय छोड्ने दरको विश्लेषण गर्नु, विद्यालय छोडाइका कारणहरू पत्ता लगाउनु, सामाजिक साँस्कृतिक प्रभाव पत्ता लगाउनु र समस्या समाधानका उपायहरूको खोजी गर्ने उद्देश्यहरू समावेश गरिएको छ । उनका अनुसार बालबालिकाहरूको विद्यालय छोडाइमा सामाजिक साँस्कृतिक प्रभावले असर पुऱ्याइरहेको पाइन्छ । सामाजिक रुपले पिछडिएका जातजातिहरूमा जनचेतनाको अभाव, कमजोर आर्थिक अवस्था, केटाकेटीहरूको स्वास्थ्य आदि कारणहरूले प्राथमिक तह पूरा नगरी अधिकांश अभिभावकहरूले विद्यालय छुटाउँछन् । विद्यार्थीहरूले बीचैमा विद्यालय छोड्ने कारणहरूमा आर्थिक अवस्थासँग सम्बन्धित तत्वहरू, विद्यार्थीहरूको उत्प्रेरणामा प्रभाव पार्ने तत्वहरू, विद्यार्थीको सिकाइसम्वन्धी उत्प्रेरणामा प्रभावपार्ने व्याक्तिगत तत्वहरू, र विद्यालयीय तत्वहरू रहेको देखाइएको छ । यस अध्ययनले बीचैमा विद्यालय छोड्ने दरलाई न्यूनीकरण गर्ने उपायहरूमा अभिभावकहरूको चेतनामा बृद्धि गर्नुपर्ने, बालबालिकाहरूको स्वास्थ्यमा सुधार गर्नुपर्ने, बालबालिकाहरूलाई घरको कामबाट मुक्त गर्नुपर्ने, विद्यालयबाट प्रदान गरिने सुविधाहरूको बृद्धि गर्नुपर्ने, बालकेन्द्रीत शिक्षण सिकाइ विधिको प्रयोग गर्नुपर्ने र विद्यालय तथा शिक्षकहरूले शैक्षिक रुपमा कमजोर विद्यार्थीहरूलाई विशेष सहयोग गर्नुपर्ने जस्ता कुराहरू उल्लेख गरेको छ (भट्ट, २०६२) ।

चौधरी (२०६५) ले तयार पार्नुभएको **मधेसी दलित विद्यार्थीहरूले प्राथमिक तह पूरा नगरी बीचैमा कक्षा छोड्नका कारणहरूको अध्ययन** शीर्षकको शोधपत्रमा मधेसी दलित विद्यार्थीहरूको भर्नाको स्थिती र अवस्थाको अध्ययन गर्ने, मधेसी दलित छात्रछात्राले बीचैमा पढाइ छोड्नुको कारण र समाधानका उपायहरू खोजी गर्ने उद्देश्यहरू राख्नु भएको थियो । उहाँका अनुसार मधेसी दलित बालबालिकाहरूको विद्यालय सहभागिता सन्तोषजनक

नरहेको, बढी उमेरका बालबालिकाहरूको विद्यालयमा नियमितताको कमी रहेको, विद्यालय पतनदर उच्च रहेको कुरा उल्लेख छ । मधेसी दलित अभिभावकहरूको साक्षरताको अवस्था ज्यादै न्यून रहेको छ । बालबालिकाहरू घरको काममा संलग्न हुनु परेको र शिक्षाप्रति बालबालिका तथा अभिभावकहरू उदासिन रहेको अवस्था छ । उक्त समस्याको प्रमुख कारणहरूमा गरिवी, चेतनाको कमी , अशिक्षा र बेरोजगारी रहेका छन् । ती समस्याहरूलाई समाधान गर्न मधेसी दलित समुदायमा चेतनामूलक कर्यक्रमहरू सञ्चालन गर्ने , उनीहरूसँग समान व्यवहार गर्ने, उनीहरूको सहभागिता बृद्धि गर्न छात्रवृत्ति तथा निशुल्क शिक्षा कार्यक्रम सञ्चालन गर्ने, त्यस समुदायका अभिभावकहरूका लागि आयआर्जन र सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, प्रौढहरूका लागि पौढ शिक्षा कार्यक्रम सञ्चालन गर्ने बालविकास केन्द्र र शिशुस्याहार केन्द्र स्थापना गर्ने, उदार कक्षा उत्तीर्ण नीति अवलम्वन गर्ने, अतिरिक्त समयमा शिक्षण कार्यक्रम सञ्चालन गर्ने जस्ता सुझावहरू दिइएको छ (चौधरी, २०६५) ।

थापा (२००१) का अनुसार शिक्षामा महिला दलित एवं पिछडिएका वर्गहरूको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरूको पहुँच बढाउने अनिवार्य निशुल्क शिक्षाको व्यवस्था गर्ने, सबैका लागि शिक्षा पुऱ्याउने, विशेष शिक्षा आवश्यकता  भएका वर्ग र अपाङ्गलाई विशेष शिक्षाको अवधारणाा अनुसार शिक्षाका कार्यक्रमहरू समाहित गरी एकिकृत शिक्षा पद्धतिको विकास गर्ने, शिक्षामा दलित एवं पिछडिएका वर्गको पहुँच बढाई कक्षा छोड्ने प्रवृत्तिलाई न्यूनीकरणगर्न छात्रवृत्तिको राशिलाई बढाई अझ व्यवस्थित गर्नुपर्ने, समग्र शिक्षा प्रणालीका विभिन्न पक्षहरू अध्ययन, अध्यापन, प्रशिक्षण, नीतिनिर्माण एवम् व्यवस्थापनमा ठोस लैङ्गिक सुचकाङ्कहरू तयारपारी लैङ्गिक एवं जातिय सूचाङ्क परिक्षण प्रणाली लागु गर्नुपर्ने हुन्छ । यसका साथै विद्यालयमा दलित विद्यार्थी संख्याको भर्नादर र टिकाउदर बढी भएको विद्यालयलाई थप अनुदान एवं शिक्षकलाई तालिमको व्यवस्था गर्न सके दलित बालबालिकाहरूले बीचैमा कक्षा छोड्ने समस्या न्यूनीकराण हुन सक्ने कुरा उल्लेख गरिएको छ ( थापा, २००१) ।

पोखेल (२०६२) ले तयार पार्नु भएको **प्राथमिक तहमा सुकुम्वासी बालबालिकाको सहभागिता कस्तो रहेको छ** भन्ने शोधपत्रमा सुकुम्वासी बालबालिकाहरूको विद्यालयमा उपस्थिती न्यून रहेको, उनीहरूको कक्षा दोहोऱ्याउने दर उच्च रहेको, विद्यालयको विविध क्रियाकलापमा सहभागिता न्यून रहेको र बीचैमा कक्षा छोड्ने दर उच्च रहेको कुरा उल्लेख

गर्नुभएको छ । सुकुम्वासी बालबालिकाहरूलाई विद्यालय जानका लागि बाधागर्ने तत्वहरूमा आर्थिक अभाव, घरायसी झगडा, बारम्वारको असफलता, स्वास्थ्य समस्या रहेको कुरा उल्लेख गर्नुभएको छ । सुकुम्वासी बालबालिकाहरूलाई विद्यालयमा सहभागी गराउनका लागि सुकुम्वासी अभिभावकहरूलाई बसोवास गर्ने जग्गाको व्यवस्था गर्नुपर्ने, पोशाक शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने, छात्रवृत्तिको न्यायोचित वितरण गर्नुपर्ने, शैक्षिक जनचेतनाको अभियान चलाउनु पर्ने जस्ता सुझावहरू दिइएको छ । (पोखेल, २०६२) ।

सबैका लागि शिक्षा सन् २००४-२००९ को प्रमुख दस्तावेज शिक्षाको सन् २०१५ सम्मका लागि निर्माण गरिएको “राष्ट्रिय योजना” कार्ययोजनामा आधारित पञ्चवर्षिय रणनीतिक कार्यक्रमले प्राथमिक शिक्षाको पहुँच तथा समन्यायिकता सुनिश्चित गर्ने प्राथमिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता बृद्धिगर्ने  र कार्यदक्षता तथा संस्थागत क्षमतामा सुधार गर्ने जस्ता उद्देश्यहरू रहेका छन् । यो दस्तावेज दशौं योजनाले अवलम्वन गरेको अवधारणाा अनुरुप गरिवी न्यूनीकरणमा विशेष रुपले लक्षित भएको हुदा लक्षित वर्ग खासगरी बालबालिकाहरू सुविधा विमुख समुदायका दलित, अपाङ्ग बालबालिकाहरूलाई विद्यालय जान प्रोत्साहन एवम् विद्यालय पतन दर घटाउन छात्रवृत्तिको व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले भाषाका कारणले विद्यालय पहुँच तथा पतन दरलाई न्यूनीकरण गर्नका लागि भाषाभाषीका आकांक्षालाई समेत ध्यानमा राखी मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्ने नीतिलाई अवलम्वन गरिएको छ  (शर्मा, २०६१ वाट उदृत) ।

शाह (२०६१) ले तयार पार्नुभएको **अछाम जिल्लामा मा.वि.तहमा Drop out गर्ने छात्र, छात्रा दर तथा संख्या एक अध्ययन** शीर्षकको शोधपत्रका अनुसार अधिकांश मा.वि. तहका विद्यार्थीहरूले बीचैमा कक्षा छोड्ने गरेको पाइएको कुरा उल्लेख छ । त्यस जिल्लाका मा.वि. तहको कक्षा ९ र १० का विद्यार्थीहरूले कक्षा पूरा नगरी बीचैमा विद्यालय छोड्नुका सामान्य कारणहरूमा अशिक्षा, घरायसी कामकाज, रुढीवादी धारणा, छिटो विवाह, लगायतका रहेको कुरा उल्लेख गरिएको छ । शोधकर्ताका अनुसार शिक्षा नीति तथा शिक्षण पेशालाई आकर्षित र मर्यादित बनाउन नसक्नु, विद्यालय अनुगमन प्रणाली प्रभावकारी नहुनु, मा.वि. तहको पाठ्यक्रम व्यवसायिक नहुनु र जीवन सान्दर्भिक नहुनु जस्ता कुराहरूले नै बीचैमा विद्यालय छोड्ने कार्यलाई वल पुऱ्याइरहेको उल्लेख छ  । उनले आफ्नो अध्ययनको निष्कर्षमा आम अभिभावकहरूलाई शिक्षाको महत्वलाई वुझाउन सकेमा, सामाजिक रुपमा

जरा गाडेर बसेका कुरीति र कुसंस्कारलाई हटाउन सकेमा, पाठ्यक्रमलाई व्यावसायिक बनाउन सकेमा, विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन सकेमा मा. वि. तहको बीचैमा विद्यालय छोड्ने दरमा कमी ल्याउन सकिने कुरा उल्लेख गरेका छन् (शाह, २०५७) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस शोध अध्ययनका उद्देश्यहरू प्राप्तीका लागि शोध कार्यलाई वस्तुगत ढङ्गले अघि बढाउने क्रममा शोध अध्ययनको विषय, प्रकृति र क्षेत्र लगायतका विषयको गाम्भिर्यतालाई मध्यनजर गर्दै मास्लो (१९५६) को आवश्यकताको सिद्धान्त, इमाइल दुर्किम (१९९७)को सामाजिक वर्ग तथा शैक्षिक सिद्धान्त र कार्लमार्क्स (१८४८) को वर्ग संघर्ष सिद्धान्तको आधारभूत मान्यताहरूलाई प्रयोग गरिएको छ ।

मास्लो (१९५६)का अनुसार मानिसका प्रसस्तै इच्छा, चाहना र आवश्यकताहरू हुन्छन् । ती चाहाना तथा आवश्यकताहरू क्रमशः आधारभूत हुदै माथिल्लो अवस्थासम्मका हुन्छन् । मानिसले आधारभूत आवश्यकताको परिपूर्ति पश्चातमात्र त्यसभन्दा माथिका आवश्यकताहरू पूरागर्ने तर्फ अगाडि बढ्दछ । मानिसका कुनै चाहाना पूराहुन सक्दछन् तर आवश्यकता र चाहानको पूर्णता भने कहिल्यै हुदैन जुन प्राप्तिको लागि मानिस सधैं उत्प्रेरित हुने गर्दछ । मानिसका अप्राप्त चाहानाहरूपनि प्रसस्तै हुन्छन् जसलाई एक निश्चित क्रमवद्धताको आधारमा छुट्टयाउन सकिन्छ । निम्न स्तरका धेरै आवश्यकताहरूको परिपूर्ति पश्चातमात्रै प्राथमिकताको आधारमा उच्च स्तरका आवश्यकताहरूको परिपूर्तिका लागि मानिस उत्प्रेरित हुदै जान्छ (काफ्ले, २०६४ वाट उदृत ) ।

बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, संरक्षण सहभागिता, पोषण जस्ता कुराहरू आधारभूत अधिकार हुन् । जसले प्राथमिक आवश्यकताहरू खाना कपडा र आवासजस्ता शारीरिक आवश्यकताहरू पूरागर्न सक्दैनन् त्यस्ता बालबालिकाहरूलाई आधारभूत बालअधिकारका कुराहरू उपलव्ध हुदैनन् । आवश्यकताको श्रृङ्खलावद्ध आधारभूत तत्व नै शारीरिक आवश्यकता हो । जीवनको लागि आवश्यक पर्ने खाना, हावा, पानी, कपडा, बास आदि मानिसका आधारभूत आवश्यकताहरूको परिपूर्ति पश्चात मात्र शिक्षा, स्वास्थ्य, सहभागिता र संरक्षणका कुराहरू आउने भएकाले मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार ग्रामीण समुदायका विपन्न बालबालिकाहरू विद्यालय बीचैमा छोडेर बालश्रमका विविध क्षेत्रमा संलग्न रहेका हुन्छन् ।

दुर्खिम (१९९७) का अनुसार समाजमा व्यक्तिद्वारा गरिने सामाजिक व्यवहार, विचार अनुभव एवं कार्यगर्ने गर्दछन् । जसलाई वाह्यरुपबाट दवाव दिइने तत्वकोरुपमा उल्लेखगर्न सकिन्छ । व्यक्ति आफूलाई एउटा यस्तो शक्तिको रुपमा पाउँछ जो उ भन्दा निकै श्रेष्ठ छ जसका अगाडि ऊ नतमस्तक हुनजान्छ । शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्नो आदर्शको रुपमा ग्रहण गर्दछ र समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक क्रियाकलाप सञ्चालनका लागि समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । उनका अनुसार एउटा समाजमा जति धेरै सामाजिक तत्व र स्वरुप हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै समाजमा भइरहेका परिवर्तन अनुसार शैक्षिक प्रकृयामा परिवर्तन भइरहनु पर्दछ र समाजका प्रत्येक अङ्गले सृजना गरेका आदर्शहरूलाई संरक्षण दिनेकाम शिक्षाले गर्नुपर्दछ । सामाजिक तथ्यका दुईवटा प्रमुख विशेषताहरू वाह्यता र बाध्यता रहेका छन् । वैयक्तिक चेतनाहरू मिलेर सामुहिक चेतनाको निर्माण हुन्छ तर यस्ता सामाजिक तथा सामूहिक चेतनामा वैयक्तिक चेतनाको कुनैपनि विशेषता विद्यमान रहेको हुदैन । सामुहिक चेतनाको निर्माणपश्चात व्यक्तिका व्यवहारहरू यसैद्वारा निर्देशित तथा नियन्त्रित हुन्छन् (अधिकारी, २०५७) ।

सामाजिक व्यवहार चालचलन मान्यता तथा संस्कृति जस्ता तत्वहरूले शिक्षणमा प्रत्यक्ष र परोक्षरुपमा प्रभाव पारिरहेको हुन सक्छ भन्ने मान्यता यस सामाजिक तथ्यको सिद्धान्तले स्थापित गरेको छ । व्यक्तिले गर्ने यस्ता व्यवहार एवं कार्यहरूबाट शिक्षामा समेत प्रभाव परेको देखिन्छ । छोराछोरीको विवाह कमउमेरमा नै गरिनु, विवाह पछि उनीहरूलाई विद्यालय नपठाउनु, छोरीको शिक्षालाई महत्व नदिनु,आदि जस्ता उदाहरणहरू सामाजिक चेतनाद्वारा नियन्त्रीत व्यवहारको रुपमा उल्लेखगर्न सकिन्छ । विद्यालय छोड्ने प्रवृत्तिपनि समाजसँग सम्बन्धित तथ्य वा घटना भएको हुदा यसका कारणहरूसँग सम्बन्धित गरी यो अध्ययन गर्ने प्रयास गरिएको छ ।

कार्लमार्क्स (१८४८) को वर्ग संघर्ष सिद्धान्तका अनुसार जुनसुकै समाजमा पनि दुई वर्ग रहेका हुन्छन् - शोषित र शोषक । समाजमा रहेको उत्पादनका साधनहरू रहेको वर्ग शोषक वर्ग हो भने शारीरिक श्रम वाहेक केही नभएको वर्ग शोषित वर्ग हो । उनका अनुसार आजसम्मको समाजको इतिहास भनेको वर्ग संघर्षको इतिहास हो । स्वतन्त्र मानिस दास, अभिजात, सामन्त र किसान आदि वर्गमा वाडिएको छ । एउटै शव्दमा भन्दा शोषक र

शोषित सधैं एक अर्काका विरोधमा कहिले लुकेर कहिले खुलेर निरन्तर संघर्ष गरिरहेका हुन्छन् । यो नै समाजको द्वन्द्ध सिद्धान्त हो (शर्मा, २०६० बाट उदृत ) ।

यसरी कार्लमाक्स यो सिद्धान्तलाई उपयोग गरेर समाजमा प्रचलित बालश्रमको अवस्थालाई अध्ययनको आधार मानियो । समाजमा रहेका दलित, कमजोर आर्थिक अवस्था भएका शोषित वर्गका परिवारबाट नै विद्यालय छोड्ने र विविध किसिमका बालश्रमहरूमा संलग्न रहेको पाइन्छ । मार्क्सले भनेझैं सामाजिक परिवर्तनको प्रक्रियाबाट परिवर्तन वा दुई वर्गको द्वन्द्धबाट हुने परिवर्तन होस् समाजमा उपलव्ध बालश्रमको विकास र विनासमा यो सिद्धान्तको उपयोग उल्लेखनीय रहेको पाइन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

आवश्यकताको सिद्धान्त अनुसार मानिसका आधारभूत आवश्यकताहरू पूराभएपछि मात्र ऊ अन्य आवश्यकताहरू पूरागर्ने तर्फ अग्रसर हुन्छ । सर्वप्रथम खाने, लगाउने, वासवस्ने जस्ता कुराहरूप्रति मानिसको ध्यान जान्छ । विद्यालय उमेरका कैयौ बालबालिकाहरू विद्यालयको शिक्षाबाट बञ्चित छन् भने कैयौले विद्यालय बीचैमा छोडिरहेको अवस्था छ । विभिन्न व्यक्तिहरूले गरेको अध्ययन अनुसन्धानमा बालबालिकाहरूले बीचैमा विद्यालय छोडेने कारणहरूमा आर्थिक विपन्नता, भौगोलिक विकटता, अभिभावकको चेतनास्तरमा कमी, परम्परागत मूल्यमान्यता जस्ता कुराहरू उल्लेख छ । ती साहित्यहरूको निष्कर्षमा व्यवहारिक रुपमा नै प्राथमिक विद्यालय तहको शिक्षालाई निशुल्क र अनिवार्य गराउदै आधारभूत आवश्यकताहरूको परिपूर्तिको व्यवस्था गराउन सकेमा बीचैमा विद्यालय छोड्ने दरमा कमी आउने कुरा उल्लेख गरिएको छ । यस अध्ययनमा प्रयोग गरिएको सिद्धान्त र साहित्यहरूको पुनरावलोकनबाट अनुसन्धानको निष्कर्षलाई विश्लेषण गर्न सहयोग पुऱ्याएका छन् ।

यस अनुसन्धानबाट वर्तमान प्राथमिक तहका विद्यार्थीहरूको भर्नादर र बीचैमा कक्षा छोड्ने दरको अवस्था पत्ता लाग्ने छ । अध्ययनमा बालश्रमका विभिन्न क्षेत्रहरूको विश्लेषण गरी कुन क्षेत्रमा बढी बालबालिकाहरूको प्रयोग भइरहको छ भन्ने बारे सबै पक्षलाई जानकारी हुनेछ । बालबालिकाहरू के-कस्ता कारणले बालश्रममा लाग्न बाध्य छन् भन्ने जानकारी हुनुका साथै बालश्रमले विद्यालय छोडाइमा पारेको प्रभाव र त्यसको निराकरणको उपायहरू समेत सुझाइएकाले विद्यालय प्रसासन, शिक्षक र शिक्षा विभागलाई पनि बीचैमा विद्यालय

छोड्ने कार्यलाई नियन्त्रण गर्नका निम्ति सघाउ पुग्ने छ। सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्वद्ध सबै पक्षलाई यस अनुसन्धानको निष्कर्षले सहयोग पुऱ्याउने छ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

शोध कार्यलाई तथ्यपरक, स्तरीय र जानकारीमूलक बनाउन निश्चित अनुसन्धान ढाँचा अवलम्वन गरिन्छ। अनुसन्धान ढाँचाको उचित चयन र त्यसको सहि प्रयोगले मात्र सहि सूचना प्राप्त गर्न सकिन्छ। यो अध्ययनको लागि परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचा अपनाइएको छ। यस अध्ययनमा बालबालिकाहरूले विद्यालय छाड्ने कारण र त्यसको समाधानका उपायहरूको विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ। अध्ययनको उद्देश्य प्राप्ति गर्न र उल्लेखित उद्देश्य पूरा गर्नका लागि सरोकारबालाहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता, अवलोकन जस्ता विधि तथा साधनको प्रयोगबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई ब्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शोध अध्ययनकार्य पूरा गर्नका लागि आवश्यक पर्ने जनसंख्या, सो जनसंख्याबाट छनौट गरिएको नमुनाको आकार, ती नमुनाहरू छनौट गर्न अपानाइएको विधि तथा नमुना छनौटका आधारहरूका बारेमा निम्नानुसार चर्चा गरिएको छ।

### ३.२.१ जनसंख्या

विद्यालय छोडाइमा बालश्रमको प्रभाव शीर्षकको शोध अध्ययन कार्य पूरा गर्नका लागि तोपगाछी स्रोतकेन्द्र, सो स्रोतकेन्द्रका स्रोतव्यक्ति, स्रोतकेन्द्र अन्तर्गतका १३ वटा प्राथमिक विद्यालयहरू, ती विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू, बीचैमा विद्यालय छोडेका बालबालिकाहरू र तिनका अभिभावकहरूलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनमा शोध अनुसन्धानका उद्देश्यहरू पूरागर्न झापा जिल्लाको तोपगाछी स्रोतकेन्द्रका स्रोतव्यक्ति, स्रोतकेन्द्र अन्तर्गतका तेह्रवटा सामुदायीक प्राथमिक विद्यालयहरूमध्ये पाँचवटा प्राथमिक विद्यालयहरू छनोट गरिएका छन्। त्यसैगरी नमुना छनोटमा परेका विद्यालयबाट प्र.अ. ५ जना, प्रत्येक विद्यालयबाट दुईजनाका दरले शिक्षक १० जना छनौट गरिएको छ। प्रत्येक विद्यालयबाट बीचैमा विद्यालय छोडेका

बालबालिकाहरू ३/३ जनाका दरले १५ जना र तिनका अभिभावकहरूलाई नमुनाको रुपमा छानिएको छ ।

### ३.२.३ नमुना छनौट विधि

उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति, सम्बन्धित विद्यालयका प्र.अ.हरू प्रत्येक विद्यालयकबाट बीचैमा विद्यालय छोड्ने बालबालिकाहरू, तिनका अभिभावकहरू र विभिन्न ठाउँमा काम गरिरहेका बालबालिकाहरू नमुनाको रुपमा छानिएको छ । सामान्य सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी नमुना छनोटमा परेका विद्यालयबाट शिक्षकहरू छनौट गरिएको छ । अध्ययनका लागि छनौट गरिने नमुना जनसंख्याको छानिने सम्भावना वरावर रहेको अवस्थामा सामान्य सम्भावनायुक्त नमुना छनौट विधि प्रयोग गरिन्छ ।

### ३.२.४ नमुना छनौटको आधार

अनुसन्धान कार्य सम्पन्न गर्नका निम्ति नमुनाको आवश्यकता पर्दछ । नमुना छनौट गर्दा विभिन्नतालाई ध्यान पुऱ्याएर गर्नुपर्ने हुन्छ । यस अनुसन्धानमा विद्यालयहरूको छनौट गर्दा सुगमता र दुर्गमताका साथै विद्यालयको सामाजिक, साँस्कृतिक परिवेशलाई आधार मानिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधनहरू

नमुना जनसंख्यासँग छलफल, अन्तर्वार्ता, प्रश्नावली, सम्बन्धित दस्तावेजहरूको पुनरावलोकन जस्ता अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ ।

### ३.३.१ अन्तर्वार्ता अनुसूचि

संचार आदनप्रदान वा अन्तर्क्रियाको त्यो विधि हो जसमा अन्तर्वार्ता दिने व्यक्तिले आमनेसामने भएर मौखिक रुपमा आवश्यक सूचनाहरू दिने गर्दछ । यो गुणात्मक अध्ययनको महत्वपूर्ण तथ्याङ्क संकलनको साधन हो । अन्तर्वार्ताले व्यक्ति भित्रका भावना र विचारलाई प्रष्ट रुपमा वाहिर ल्याउने कार्य गर्दछ जसले व्यक्तिका विचार मात्र होइन निश्चित तथ्याङ्कलाई समेत अगाडि ल्याउँछ । यस अध्ययनमा नमुना जनसंख्यामा परेका शिक्षकलाई अन्तर्वार्ता अनुसूचिसाधनको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

उत्तरदातासँग आमनेसामने भएर मौखिक रुपमा प्रश्नहरू सोधी प्राप्त उत्तरहरूलाई टिपोट गरिएको थियो । अन्तवार्ता अनुसूचिलाई अनुसूचि ३ मा समावेश गरिएको छ ।

### ३.३.२ प्रश्नावली

उत्तरदाताले खुल्ला रुपमा आफ्नो विचार व्यक्त गर्न पाउने खालका प्रश्नहरू समावेश भएको प्रश्नावलीलाई खुला प्रश्नावली भनिन्छ । यस्तो प्रश्नावलीमा आफ्नै भाषाशैलीमा स्वतन्त्र अभिव्यक्तिको प्रयोग गरेर जवाफ दिन सकिन्छ। यस अध्ययनमा नमुना छनौटमा परेका प्र.अ. र श्रोत व्यक्तिबाट आवश्यक सुचना लिन खुल्ला प्रश्नावली अनुसूचिसाधनको प्रयोग गरिएको थियो । सूचना संकलनका लागि तयार पारिएको प्रश्नावलीलाई अनुसूचि १ र २ मा समावेश गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्याङ्क, प्रमाण जानकारी तथा आंकडालाई तथ्याङ्क भनिन्छ । तथ्याङ्क जहाँबाट प्राप्त गर्न सकिन्छ, त्यस क्षेत्रलाई नै तथ्याङ्कको स्रोत भनिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोत फरक फरक हुने गर्छ । तथ्याङ्कहरू प्राथमिक र सहायक गरी दुई प्रकारका हुन्छन् ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरू प्राथमिक स्रोत अन्तर्गत पर्दछन् । प्रथम पटक अनुसन्धानकर्ताले संकलन गर्ने भएकाले तिनीहरूको व्याख्या, विश्लेषण र टिप्पणी गर्ने अधिकार पनि  अनुसन्धानकर्ता कै रहने गर्छ । यस अध्ययनमा अन्तर्वार्ता, प्रश्नावली, स्थलगत सर्वेक्षण आदि साधनहरूलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

### ३.४.२ सहायक स्रोत

अनुसन्धानको सिलसिलामा पूर्व प्रकासित तथा संकलित तथ्याङ्कहरूलाई सहायक स्रोत भनिन्छ । यस अध्ययन अनुसन्धानको लागि आवश्यक पर्ने तथ्य तथ्याङ्क, विभिन्न पुस्तक, लेख, रचना, शैक्षिक नीति नियम र तथ्याङ्कहरू, अनुसन्धानात्मक प्रतिवेदन, शोधपत्र, विद्यालयमा रहेका विभिन्न किसिमका रेकर्ड फाइलहरू, अभिलेख आदिबाट सहायक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । यो अध्ययन गुणात्मक र परिमाणात्मक दुवैको मिश्रित अनुसन्धान भएकाले अनुसन्धान प्रश्नमा केन्द्रित रही नमुना छनोटमा परेका जनसङ्ख्यासँग गरिएको छलफल, लिइएको अन्तर्वार्ता, भराइएका प्रश्नावली जस्ता प्राथमिक स्रोतबाट शाब्दिक रुपमा प्राप्त तथ्याङ्क र सम्बन्धित दस्तावेज पुनरावलोकन, कार्यलयका अभिलेख जस्ता सहायक स्रोतबाट प्राप्त सहायक तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा वर्गीकरण गरिएकोछ । उक्त समूह भित्र आएका मुख्य विषयलाई छुट्याएर तिनीहरूको वर्ग वनाई तार्किक रुपमा व्याख्या र विश्लेषण गरिएको  छ । यसका अतिरिक्त संकलित तथ्याङ्कलाई चार्ट, स्तम्भचित्र तथा वृत्तचित्रका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।  यसरी वर्गीकृत गरिएका तथ्याङ्कलाई पूर्वस्थापित सिद्धान्त र साहित्यसँग जोडेर विश्लेषण गर्दै निष्कर्षमा पुगिएको  छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस परिच्छेदमा नमुना छनौटमा परेका विद्यालयहरूको विगत तीन वर्षको भर्नादर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर पत्ता लगाउने, ती विद्यालयहरूबाट विद्यालय छोडेका बालबालिकाहरूको अवस्था उनीहरू मध्ये बालश्रममा संलग्नहरूको क्षेत्र, बालबालिकाहरूले बालश्रम गर्नुपर्ने कारणहरू, बालबालिकाहरूले विद्यालय छोड्नुपर्ने कारण, विद्यालय छोडाइलाई न्यूनीकरण गर्ने उपायहरूको बारेमा छलफल गरिएको छ । विद्यालय छोडेर गएका विद्यार्थीहरूसँगको छलफल, अन्तर्वार्ता, शिक्षक अभिभावक, प्र.अ.सँग गरिएको कुराकानी, प्रश्नावलीको उत्तरबाट प्राप्त सूचना, जानकारी र तथ्याङ्कहरूलाई अनुसन्धानको उद्देश्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ सार्वजनिक प्राथमिक विद्यालयहरूमा बालश्रमिकको अवस्था

यहाँ नमुना छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहको भर्नादर, कक्षा छोड्ने दर र कक्षा दोहोऱ्याउने दरका आधारमा व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ सार्वजनिक प्राथमिक विद्यालयहरूको भर्नादर

नमुना छनौटमा परेका प्राथमिक विद्यालयहरूको विद्यालय अभिलेख, स्थलगत सर्वेक्षणबाट प्राप्त विगत तीनवर्षको विद्यार्थी भर्ना विवरण निम्नानुसार रहेको पाइयो ।

तालिका १ : प्राथमिक तहको विद्यार्थी भर्नादर र बीचैमा कक्षा छोड्नेदर

| क्र.स. | विद्यालयको नाम | २०६५ | | | २०६६ | | | २०६७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल भर्ना | कक्षा छोड्ने | % | कूल भर्ना | कक्षा छोड्ने | % | कूल भर्ना | कक्षा छोड्ने | % |
| १ | कञ्चनजंघा प्रा.वि. | २५७ | २६ | १० | २४७ | २१ | ८.५ | २४३ | १६ | ६.६ |
| २ | हिमालय प्रा.वि. | २१० | १८ | ८.६ | २०३ | १९ | ९.४ | १९६ | १४ | ७.१ |
| ३ | नवदुर्गे प्रा.वि. | १५० | १३ | ८.७ | १५४ | १८ | ११.७ | १३४ | १५ | ११.२ |
| ४ | शान्ती प्रा.वि. | २७० | १८ | ६.७ | २६२ | १० | ३.८ | २५८ | १३ | ५.० |
| ५ | सिद्धदेवी प्रा.वि. | १५५ | १४ | ९.० | १४१ | ११ | ७.८ | १३० | ११ | ८.५ |
| जम्मा | | १०४२ | ८९ | ८.५ | १००७ | ७९ | ७.८ | ९६१ | ६९ | ७.१ |

स्रोतः विद्यालय अभिलेख तथा स्थलगत सर्वेक्षण, २०६७

नमुना छनौटमा परेका मध्ये कञ्चनजंघा प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा २५७ जना विद्यार्थी भर्ना भएकोमा शैक्षिक सत्र २०६६ मा सो संख्यामा १० जनाले कमी आएर २६६ पुगेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६७ मा कूल विद्यार्थी भर्ना २४३ मात्र रहेको पाइयो । सो विद्यालयको बीचैमा कक्षा छोड्ने दरमा पनि क्रमश कमी आइरहेको पाइयो । सो विद्यालयमा कूल भर्ना भएका विद्यार्थीहरू मध्ये शैक्षिक सत्र २०६५ मा १० प्रतिशत अर्थात २६ जनाले बीचैमा विद्यालय छोडेको पाइयो भने शैक्षिक सत्र २०६६ मा २१ जना ८.५ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०६७ मा सो विद्यालयमा अध्ययनरत मध्ये १६ जना वा कूल भर्ना भएकाहरू मध्ये ६.६ प्रतिशतले विद्यालय छोडेको पाइयो । हिमालय प्रा.वि. मा शैक्षिक सत्र २०६५ मा २१० जना विद्यार्थीहरू भर्ना भएकोमा २०६६ मा सो संख्या घटेर २०३ जना भएको पाइयो भने शैक्षिक सत्र २०६७ मा पनि घटेर १९६ जनामा पुगेको पाइयो । सो विद्यालयमा कूल भर्ना भएका विद्यार्थीहरू मध्ये शैक्षिक सत्र २०६५ मा ८.६ प्रतिशत अर्थात १८ जनाले बीचैमा विद्यालय छोडेको पाइयो भने शैक्षिक सत्र २०६६ मा १९ जना ९.४ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०६७ मा सो विद्यालयमा अध्ययनरत मध्ये १४ जना वा कूल भर्ना भएकाहरू मध्ये ७.१ प्रतिशतले विद्यालय छोडेको पाइयो ।

त्यसैगरी नवदुर्गे प्रा.वि. मा शैक्षिक सत्र २०६५ मा १५० जना विद्यार्थीहरू भर्ना भएकोमा शैक्षिक सत्र २०६६ मा १५४जना र शैक्षिक सत्र २०६७ मा सो संख्या १३४ पुगेको पाइयो । सो विद्यालयमा कूल भर्ना भएका विद्यार्थीहरू मध्ये शैक्षिक सत्र २०६५ मा ८.७ प्रतिशत अर्थात १३ जनाले बीचैमा विद्यालय छोडेको पाइयो भने शैक्षिक सत्र २०६६ मा १८ जना ११.७ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०६७ मा सो विद्यालयमा अध्ययनरत मध्ये १५ जना वा कूल भर्ना भएकाहरू मध्ये ११.२ प्रतिशतले विद्यालय छोडेको पाइयो । शान्ती प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा २७० जना विद्यार्थीहरू भर्ना भएकोमा शैक्षिक सत्र २०६६ मा २६२जना र शैक्षिक सत्र २०६७ मा सो संख्यामा कमी आएर २५८ जना पुगेको पाइयो । त्यस विद्यालयमा कूल भर्ना भएका विद्यार्थीहरू मध्ये शैक्षिक सत्र २०६५ मा १८ जना अर्थात ६.७ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो भने शैक्षिक सत्र २०६६ मा १० जना ३.८ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०६७ मा सो विद्यालयमा अध्ययनरत मध्ये १३ जना वा कूल भर्ना भएकाहरू मध्ये ५.० प्रतिशतले विद्यालय छोडेको पाइयो ।सिद्धदेवी प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा १५५ जना विद्यार्थीहरू भर्ना भएकामा शैक्षिक सत्र २०६६ मा १४१ जना र शैक्षिक सत्र २०६७ मा सो संख्यामा कमी आएर १३० जना पुगेको पाइयो । त्यस विद्यालयमा कूल भर्ना भएका विद्यार्थीहरू मध्ये शैक्षिक सत्र २०६५ मा १४ जना अर्थात ९.० प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो भने शैक्षिक सत्र २०६६ मा ११ जना ७.८ प्रतिशतले बीचैमा विद्यालय छोडेको पाइयो । त्यस्तै शैक्षिक सत्र २०६७ मा सो विद्यालयमा अध्ययनरत मध्ये ११ जना वा कूल भर्ना भएकाहरू मध्ये ८.५ प्रतिशतले विद्यालय छोडेको पाइयो ।

नमुना छनौटमा परेका सामुदायिक विद्यालयहरू मध्ये शान्ती प्रा.वि.मा सबैभन्दा बढी विद्यार्थी भर्ना भएको पाइयो भने नवदुर्गे प्रा.वि.मा सबैभन्दा कम विद्यार्थीहरू भर्ना भएको अवस्था पाइयो । भर्नादरमा क्रमश कमी भइरहदा विद्यालय छोड्ने दरमा पनि क्रमश कमी आइरहेको अवस्था पाइयो । शैक्षिक सत्र २०६५ मा कुल भर्ना भएका मध्ये लगभग ८.५% ले बीचैमा कक्षा छोडेकोमा शैक्षिक सत्र २०६७ मा सो दरमा केही कमी आएर ७.१%मा झर्न पुगेको अवस्था छ । केही विद्यालयहरूको कक्षा छोड्ने दरमा उतावचढाव देखिएता पनि समग्रमा कक्षा छोड्ने दरमा कमी आइरहेको छ । नमुना छनौटमा परेका विद्यालयहरू

मध्ये नवदुर्गे प्रा.वि.मा सबैभन्दा बढी कक्षा छोड्ने दर रहेको पाइयो भने सबैभन्दा कम शान्ती प्रा.वि.मा रहेको पाइयो ।

विगत तीन वर्षको विद्यार्थी भर्नालाई अध्ययन गर्दा प्रत्येक वर्ष भर्नाहुने विद्यार्थीहरूको संख्या घट्दै गइरहेको पाइयो । २०६५ सालको तुलनामा २०६७ सालमा ८१ जना कम विद्यार्थीहरू विद्यालयमा भर्ना भएको पाइयो । यसरी क्रमश विद्यार्थी भर्ना दरमा कमि आउनुको कारण सरकारी विद्यालय प्रति भन्दा संस्थागत विद्यालय प्रति बालबालिका तथा अभिभावकहरूको आकर्षण वढ्नु मुख्य रहेको पाइयो । त्यस्तै तुलनात्मक रुपमा सुगम ग्रामीण इलाकामा भन्दा दुर्गम ग्रामीण इलाकामा सरकारी विद्यालयको विद्यार्थी भर्नादर बढी रहेको पाइयो । यसको मुख्य कारण त्यस क्षेत्रमा संस्थागत विद्यालयको अभाव रहेको पाइयो ।

### ४.१.२ बीचैमा कक्षा छोड्ने विद्यार्थीहरूको विवरण

नमुना छनौटमा परेका विद्यालयहरूको विद्यालय अभिलेखका आधारमा विगत तीन वर्षको बीचैमा विद्यालय छोड्ने छात्रछात्राहरूको विवरण निम्नानुसार रहको पाइयो

तालिका २ : बीचैमा विद्यालय छोड्ने छात्रछात्राको विवरण

| विद्यालयको नाम | २०६५ | | | २०६६ | | | २०६७ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| कञ्चनजंघा प्रा.वि. | ११ | १५ | २६ | ०८ | १३ | २१ | ०७ | ०९ | १६ |
| हिमालय प्रा.वि. | ०७ | ११ | १८ | १० | ०९ | १९ | ०६ | ०७ | १४ |
| न्वदुर्गे प्रा.वि. | ०५ | ०८ | १३ | ०७ | ११ | १८ | ०८ | ०७ | १५ |
| शान्ती प्रा.वि. | ०८ | १० | १८ | ०४ | ०६ | १० | ०७ | ०६ | १३ |
| सिद्धदेवी प्रा.वि. | ०६ | ०८ | १४ | ०५ | ०६ | ११ | ०४ | ०७ | ११ |
| जम्मा | ३७ | ५२ | ८९ | ३४ | ४५ | ७९ | ३२ | ३६ | ६९ |

स्रोतः विद्यालय अभिलेख, २०६८

नमुना छनौटमा परेका विद्यालयहरू मध्ये कञ्चनजंघा प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरू ११ छात्र र १५ छात्रा गरी जम्मा २६ जना रहेकोमा शैक्षिक सत्र २०६६ मा ८ छात्र र १३ छात्रा गरी २१ जनाले विद्यालय छोडेको पाइयो । शैक्षिक सत्र २०६७ मा सो संख्यामा कमी आएर १६ जनामा झरेको पाइयो । सो विद्यालयमा २०६७ मा छात्र ७ जना र छात्रा ९ जनाले विद्यालय छोडेको पाइयो । उक्त विद्यालयमा छात्र भन्दा छात्राहरूको बीचैमा विद्यालय छोड्ने दर बढी रहेको पाइयो । त्यसैगरी हिमालय प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा ७ छात्र र ११ छात्रा गरी जम्मा १८ जनाले बीचैमा विद्यालय छोडेकोमा शैक्षिक सत्र २०६६ मा सो संख्या वढेर १० छात्र र ९ छात्रा गरी जम्मा १९ जना पुगेको पाइयो भने शैक्षिक सत्र २०६७ मा सो संख्यामा कमी आएर ६ छात्र र ७ छात्रा गरी जम्मा १३ जनाले विद्यालय छोडेको पाइयो । त्यस शैक्षिक सत्रमा यसरी सो विद्यालयमा बीचैमा विद्यालय छोड्ने दरमा उताव चढाव रहेको पाइयो ।

नवदुर्गे प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरूको संख्या ५ छात्र र ८ छात्रा गरी जम्मा १३ रहेकोमा २०६६ मा बढेर १८ पुगेको र २०६७ मा सो संख्यामा कमीआएर ८ छात्र र ७ छात्रा गरी जम्मा १५ रहेको पाइयो । शान्ती प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरूको संख्या ८ छात्र र १० छात्रा गरी जम्मा १८ रहेकोमा २०६६ मा सो संख्या घटेर १० पुगेको र शैक्षिक सत्र २०६७ मा पुनः बढेर ७ छात्र र ६ छात्रा गरी जम्मा १३ जना पुगेको पाइयो । सो विद्यालयमा पनि छात्रको तुलनामा छात्राहरूको बीचैमा विद्यालय छोड्ने संख्या बढी रहेको पाइयो । त्यसैगरी सिद्धदेवी प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा बीचैमा विद्यालय छोड्ने ६ छात्र र ८ छात्रा गरी जम्मा १४ रहेको पाइयो । शैक्षिक सत्र २०६६ मा छाात्र ५ जना र छात्रा ६ जना गरी जम्मा ११ जनाले बीचैमा विद्यालय छोडेकोमा २०६७ मा छात्र ४ जना र छात्रा ७ जना गरी ११ जनाले नै विद्यालय छोडेको पाइयो ।

बीचैमा कक्षा छोड्ने दर पनि विगत वर्षहरू भन्दा घट्दै गइरहेको पाइयो । दुई वर्ष अगाडि भन्दा अहिले २१ जना कम विद्यार्थीहरूले बीचैमा कक्षा छोडेको अवस्था पाइयो । कुनै कुनै विद्यालयमा भने बीचैमा विद्यालय छोड्ने दरमा कमी नभएको अवस्था समेत पाइयो । छात्र छात्राहरूको तुलना गर्दा छात्रहरूकोभन्दा छात्राहरूको विद्यालय छोड्ने संख्या बढी भएपनि प्रत्येक शैक्षिक सत्रमा घटिरहेको अवस्था छ । केटाहरूको विद्यालय छोड्ने दरपनि घट्दो क्रममा भएपनि केटीहरूको तुलनामा त्यो दरमा कमी देखिन्छ । नमुना छनौटमा परेका विद्यालयहरूको बीचैमा विद्यालय छोड्ने दरको विश्लेषण गर्दा जुनमात्रामा सो दरमा कमी आउनु पर्ने हो सो नभएको अवस्था पाइयो । यसरी बीचैमा विद्यालय छोड्ने दर अझैपनि उच्च रहनुका पछाडि आर्थिक सामाजिक तथा मनोवैज्ञानिक कारणहरू रहेको पाइन्छ ।

### ४.१.३ कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण

नमुना छनौटमा परेका विद्यालयहरूमा विगत शैक्षिक सत्रहरूमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण निम्नानुसार पाइयो ।

तालिका ३ : कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण

| क.सं | विद्यालयको नाम | २०६५ | २०६६ | २०६७ |
|---|---|---|---|---|
| १ | कञ्चनजंघा प्रा.वि | ६ | ५ | ३ |
| २ | हिमालय प्रा.वि. | ५ | ७ | ३ |
| ३ | नवदुर्गे प्रा.वि. | ४ | ४ | २ |
| ४ | शान्ती प्रा.वि. | २ | १ | २ |
| ५ | सिद्धदेवी प्रा.वि. | २ | १ | २ |
| जम्मा | | १९ | १८ | १२ |

स्रोतः विद्यालय अभिलेख, २०६७

कञ्चनजंघा प्रा.वि.मा शैक्षिक सत्र २०६५ मा ६ जना  विद्यार्थीहरूले कक्षा दोहोऱ्याएकोमा शैक्षिक सत्र २०६६ मा सो संख्यामा कमी आई ५ जना पुगेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६७ मा सो संख्या ३ जनामा झरेको पाइयो । हिमालय प्रा.वि. मा शैक्षिक सत्र २०६५ मा ५ जनाले कक्षा दाहोऱ्याएकोमा २०६६ मा सो संख्यामा बृद्धि भई ७ जना पुगेको र २०६७ मा आधाभन्दा बढीले घटेर ३ जना पुगेको पाइयो । नवदुर्गे प्रा.वि.मा शैक्षिक सत्र २०६५ र २०६६ मा समान ४ जना विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको मा २०६७ मा सो संख्या आधाले घटेर २ जनामा झरेको पाइयो । शान्ती प्रा.वि.मा तीनवटै शैक्षिक सत्रमा न्यून मात्र विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको पाइयो । शान्ती प्रा.वि. र सिद्धदेवी प्रा.वि.मा शैक्षिक सत्र २०६५, २०६६ र २०६७ मा समान २ जना, १ जना र २ जना विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो ।

विगत शैक्षिक सत्रहरूको तुलनामा गत शैक्षिक सत्रमा कक्षा दोहोऱ्याउने विद्यार्थीरुको संख्या निकै घटेको पाइयो । नमुना छनौटमा परेका विद्यालयहरू मध्ये कञ्चनजंघा प्रा.वि.र हिमालय प्रा.वि.मा शैक्षिक सत्र २०६७ मा ३/३ जना विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको पाइयो भने अन्य विद्यालयहरूमा सो संख्या दुई जनाको दर रहेको पाइयो । यसरी यो संख्या

क्रमश घटेपनि शुन्यमा झरेको पाइदैन । विगत केही वर्षदेखि उदार कक्षोन्नती मूलयाङ्कन प्रणाली क्रमश लागुभएको ले गर्दा कक्षा दोहोऱ्याउने दरमा कमी आएको पाइयो ।

माथिको विवरणलाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ ।

## ४.२ बालश्रमका क्षेत्रहरू

बालबालिकाहरूलाई काममा लगाउन नपाइने कानूनी व्यवस्था रहेको छ । बालबालिका-हरूको शारीरिक मानसिक वौद्धिक विकाश हुने समयमा शारीरिक श्रम गर्नुपर्ने अवस्था देखिएको छ । बालश्रमिकको रुपमा बालबालिकाहरू काम गर्ने क्षेत्रहरू निम्नानुसार रहेको पाइयो ।

तालिका ४ : बालश्रमका क्षेत्रहरू

| क.सं | श्रमका क्षेत्रहरू | बालबालिकाहरूको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरेलु श्रमिक | २१ | ३०.४ |
| २ | कृषि श्रमिक | २५ | ३६.२ |
| ३ | यातायात श्रमिक | ०७ | १०.१ |
| ४ | होटल | ०६ | ८.७ |
| ५ | अन्य | १० | १४.५ |
| जम्मा | | ६९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

बालबालिकाहरू विद्यालय छोडेर बालश्रममा संलग्न भएका क्षेत्रहरूमा सबैभन्दा बढी कृषि क्षेत्र त्यसपछि क्रमश घरेलु श्रमिक, यातायात, होटल र अन्य रहेको पाइयो । विद्यालय छोडेर बालश्रममा संलग्न भएकाहरू ६९ जना बालबालिकाहरू मध्ये २१ जना अर्थात ३०.४ प्रतिशत बालबालिकाहरू घरेलु श्रमिकको रुपमा काम गरिरहेको पाइयो । त्यसैगरी कृषि क्षेत्रमा सबैभन्द बढी २५ जना बालबालिकाहरू संलग्न भएको पाइयो । सो संख्या कूल बालश्रममा संलग्नहरूको एक तिहाइ भन्दा बढी अर्थात ३६.२ प्रतिशत हो । विद्यालय छोडेर बालश्रममा संलग्न भएकाहरू मध्ये १०.१ प्रतिशत अर्थात ७ जना बालबालिकाहरू यातायातको क्षेत्रमा यातायात मजदुरका रुपमा काम गरिरहेको अवस्था पाइयो । त्यस्तै होटलमा ८.७ प्रतिशत बालबालिकाहरू संलग्न भएको पाइयो । कूल ६९ जना मध्ये होटलमा ६ जना बालबालिकाहरूले श्रमिकको रुपमा काम गरिरहेको पाइयो । यस वाहेक १० जना बालबालिकाहरू अन्य क्षेत्रमा बालश्रमिकको रुपमा काम गरिरहेको पाइयो ।

नमुना छनौटमा परेका विद्यालयबाट आफ्नो अध्ययन कार्यलाई छोडेर बालबालिकाहरू बालश्रमका विभिन्न क्षेत्रहरूमा संलग्न भएको पाइयो । कतिपय बालबालिकाहरू आफ्नै घरमा काम गरिरहेको पाइयो भने कतिपय घर छोडेर अन्यत्रै काम गरिरहेको अवस्था पाइयो । बालश्रमका कारण विद्यालय छोडेकाहरू मध्ये सबैभन्दा बढी कृषि क्षेत्रमा संलग्न भएको पाइयो भने सबैभन्दा कम होटलमा काम गरिरहेको पाइयो । त्यसैगरी घरेलु

श्रमिकको रुपमा पनि लगभग कृषि श्रमिककै हाराहारीमा बालबालिकाहरू संलग्न भएको पाइयो । बालश्रमिकको रुपमा कामगर्ने ६९ जना मध्ये २५ जना बालबालिकाहरू कृषि श्रमिकका रुपमा काम गरिरहेको तथ्याङ्कले अझैपनि कृषि कार्यमा प्रसस्तै बालबालिकाहरू प्रयोग भइरहेको कुरा प्रष्ट हुन्छ ।

माथिको तालिकालाई अझ प्रष्ट पार्नका निम्ति विद्यालय छोडेका बालबालिकाहरू संलग्न बालश्रमका क्षेत्रहरूलाई निम्न वृत्त चित्रमा देखाइएको छ ।

बालबालिकाहरू बालश्रमका विभिन्न क्षेत्रहरूमा संलग्न भएर काम गरिरहेका छन् । ती क्षेत्रमा काम गर्नेहरूका वीचमा पनि समान कामहरू रहेको पाइदैन । कृषि क्षेत्रमा काम गर्नेहरू पनि हलो जोत्ने, गाई वस्तु चराउने घाँस दाउरा काट्ने, लगायतको कामहरू गरिरहेको पाइन्छ । त्यसरी बालश्रमका विभिन्न क्षेत्रहरूमा संलग्न भएका बालबालिकाहरूले गर्ने कार्यहरूका बारेमा निम्नानुसार चर्चा गरिएको छ ।

### ४.२.१ घरेलु श्रमिक

बालबालिकाहरूलाई घरेलु काममा प्रयोग गरिएको पाइयो । त्यसरी घरेलु कामदारका रुपमा काम गरिरहेका बालबालिकाहरूले गर्ने कामको विवरण वुझ्न श्रमिकका रुपमा काम गरिरहेका बालबालिकाहरू, तिनका अभिभावक तथा विद्यालयका शिक्षक तथा प्र.अ.हरूबाट लिइएको जानकारी तथा उत्तरका आधारमा निम्न अवस्था रहेको पाइयो ।

तालिका ५ : घरेलु श्रमिकका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण

| क्र. स. | कामको विवरण | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | | |
| १ | भाँडा माझ्ने | ३ | ८ | १० | ६ | २७ | ६०.० |
| २ | घर सरसफाइ गर्ने | २ | ७ | ६ | ३ | १८ | ४०.० |
| ३ | बालबालिका हेर्ने | २ | ३ | ३ | ३ | ११ | २४.४ |
| ४ | लुगा धुने | ३ | ६ | ८ | ५ | २२ | ४८.९ |
| ५ | अन्य | २ | ५ | ६ | ४ | १७ | ३७.८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

बालबालिकाहरूले घरेलु श्रमिकको रुपमा भाँडा माझ्ने, घरको सरसफाई गर्ने, बालबालिकाहरू हेर्ने, लगा धुने लगायतका कामहरू गर्ने गरेको पाइयो । उत्तरदाताहरू मध्ये २७ जनाले बालबालिकाहरूलाई घरेलु काम अन्तर्गत भाँडा माझ्ने काम गर्न लगाउने गरेको जानकारी दिए । त्यसरी उत्तर दिनेहरूमा ३ जना प्र.अ., ८ जना शिक्षक, १० जना विद्यार्थी र ६ जना अभिभावकहरू रहेका छन् । त्यसै गरी १८ जना अर्थात ४० प्रतिशतले घरको सरसफाईगर्ने काम लगाउने गरेको जानकारी पाएको वताए । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ७ जना शिक्षक, ६ जना विद्यार्थी र ३ जना अभिभावकहरू गरी जम्मा १८ जना रहेका छन् । बालबालिका हेर्ने कार्यमा बालबालिकाहरूको नै प्रयोग गर्ने गरेको पाइयो । यसरी बालबालिका हेर्ने काम लगाउने गरेको जानकारी उत्तरदाताहरू मध्ये २४ प्रतिशतले दिए । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ३ जना शिक्षक, ३ जना विद्यार्थी र ३ जना

अभिभावकहरू गरी जम्मा ११ जना रहेका छन् । घरेलु काममा संलग्न भएका बालबालिकाहरूले लुगाधुने काम समेत गर्ने गरेको उत्तरदाताहरू मध्ये ४८.९ प्रतिशतले वताएका छन् । त्यसरी उत्तर दिनेहरूमा ३ जना प्र.अ., ६ जना शिक्षक, ८ जना विद्यार्थी र ५ जना अभिभावकहरू गरी जम्मा २२ जना रहेका छन् । यसका अतिरिक्त अन्य घर भित्र र वाहिर गर्ने कामहरूमा पनि बालबालिकाहरूलाई सामेल गराउने गरेको जानकारी उत्तरदाताहरू मध्ये ३८ प्रतिशतले दिए । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ५ जना शिक्षक, ६ जना विद्यार्थी र ४ जना अभिभावकहरू गरी जम्मा १७ जना रहेका छन् ।

आफ्नै घरमा बाबुआमासँग बसेका बालबालिकाहरू घरको सामान्य काम गरेपनि विद्यालय गइरहेका पाइयो । अर्काको घरमा कामपनि गर्ने र पठनपाठनको व्यवस्था पनि मिलाउने भनी बसेका बालबालिकाहरू भने केही समय विद्यालय जाने र पछि जान छोडेको पाइयो । अर्काको घरमा कामगर्न वसेकी एक वालिकाले वताए अनुसार मालिकले विहान र वेलुका गर्ने काम तोकिदिएका हुन्छन् ती काम अनिवार्य रुपमा गर्नुपर्छ । तोकिएका काम गर्दागर्दै विद्यालय जानेबेला हुन्छ, काम नसकी विद्यालय गएमा फर्किए पछि गाली खानुपर्छ त्यसैले उनी विद्यालय जान छोडेर घरको काम मात्रै गर्ने गर्छिन् ।

### ४.२.२ कृषि मजदुर

कृषि मजदुरका रुपमा काम गरिरहेका बालबालिकाहरूले गर्ने कामको विवरण वुझ्न श्रमिकका रुपमा काम गरिरहेका बालबालिकाहरू, तिनका अभिभावक तथा विद्यालयका शिक्षक तथा प्र.अ.हरूबाट लिइएको जानकारी तथा उत्तरका आधारमा निम्न अवस्था रहेको पाइयो ।

तालिका ६ : कृषि मजदुरका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण

| क. | | उत्तरदाताहरू | | |
|---|---|---|---|---|

| स. | कामको विवरण | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | हलो जोत्ने | ४ | ७ | ८ | ६ | २५ | ५५.६ |
| २ | खेतीबाली लगाउने र उठाउने | ३ | ८ | ११ | ६ | २८ | ६२.२ |
| ३ | भारी वोक्ने | | २ | २ | १ | ५ | ११.१ |
| ४ | घाँस काट्ने | २ | ३ | ४ | ५ | १४ | ३१.१ |
| ५ | वस्तु चराउने | १ | १ | ६ | ५ | १३ | २८.९ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

कृषि श्रमिकको रुपमा प्रयोग भएका बालबालिकाहरू मध्ये सबैभन्दा बढी बालबालिकाहरू खेती लगाउने र उठाउने बेलामा प्रयोग गर्ने गरेको जानकारी पाइयो । कृषि कार्यमा संलग्नहरूमा विशेषगरी बालकहरू हलो जोत्ने काममा संलग्न हुने गरेको जानकारी ५६ प्रतिशत उत्तरदाताहरूबाट प्राप्त भयो । त्यसरी उत्तर दिनेहरूमा ४ जना प्र.अ., ७ जना शिक्षक, ८ जना विद्यार्थी र ६ जना अभिभावकहरू गरी जम्मा २५ जना रहेका छन् ।  खेती लगाउने र उठाउने काममा बालबालिकाहरूको अत्यधिक प्रयोग हुनेगरेको जानकारी उत्तरदाताहरू मध्ये २८ जना अर्थात ६२ प्रतिशतले दिए । त्यसरी उत्तर दिनेहरूमा ३ जना प्र.अ., ८ जना शिक्षक, ११ जना विद्यार्थी र ६ जना अभिभावकहरू गरी जम्मा २८ जना रहेका छन् । विशेष गरी धान रोप्ने तथा धान उठाउने बेलामा बालबालिकाहरू आफ्नै परिवारको काममा साथै अर्काकोमा मजदुरी गर्न जाने गरेको  पाइयो । भारी वोक्ने काममा पनि बालबालिकाहरूको प्रयोग हुने गरेको जानकारी ११ प्रतिशत उत्तरदाताहरूले दिए । त्यसरी उत्तर दिनेहरूमा २ जना शिक्षक, ३ जना विद्यार्थी र १ जना अभिभावक गरी जम्मा ५ जना रहेका छन् । अर्काको घरमा वसेर वस्तुभाउ चराउने तथा घाँस काट्ने काममा बालबालिकाहरूको प्रयोग भइरहेको जानकारी उत्तरदाताहरू मध्ये ३१ प्रतिशतले दिएका छन् । त्यसरी उत्तर दिनेहरूमा १ जना प्र.अ., १ जना शिक्षक, ६ जना विद्यार्थी र ५ जना अभिभावकहरू गरी जम्मा १३ जना रहेका छन् ।

नमुनाका रुपमा छनौट गरिएका सबै विद्यालयहरूको सेवाक्षेत्र ग्रामीण इलाकामा पर्दछ । त्यहाका अधिकांश मानिसहरूको पेशा कृषि रहेको छ । कृषि पेशामा धेरै जनशक्ति चाहिने भएकाले अधिकाश अभिभावकहरूले आफ्ना बालवच्चाहरूलाई आफ्नो क्षमता अनुसारको काम लगाउने गरेको पाइयो । कतिपय बालबालिकाहरू खेतीपातीको काममा प्रत्यक्षरुपमा काममा संलग्न भएको पाइयो । विशेषगरी वालिकाहरू धान रोप्ने, गोड्ने काममा संलग्न रहेको पाइयो । घरमा रोपाइँभएको बेलामा बालबालिकाहरूको विद्यालयमा न्यून उपस्थिती रहेको पाइयो । गाईवस्तु पाल्ने अधिकांश किसानका छोराछोरीहरू घाँस काट्ने, गाईवस्तु चराउने काममा लागिरहनु पर्छ जसले उनीहरूको पढाइमा बाधा पुगिरहेको हुन्छ ।

### ४.२.३ होटल मजदुर

होटलमा मजदुरका रुपमा काम गरिरहेका बालबालिकाहरूले गर्ने कामको विवरण वुभ्न श्रमिकका रुपमा काम गरिरहेका बालबालिकाहरू, तिनका अभिभावक तथा विद्यालयका शिक्षक तथा प्र.अ.हरूबाट लिइएको जानकारी तथा उत्तरका आधारमा निम्न अवस्था रहेको पाइयो ।

तालिका ७ : होटल मजदुरका रुपमा संलग्न बालबालिकाहरूको कार्य विवरण

| क्र. स. | कामको विवरण | उत्तरदाताहरू | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | | |
| १ | भाँडा माझ्ने | ३ | ८ | १२ | १२ | ३५ | ७७.८ |
| २ | खाना बनाउने | - | ४ | ४ | २ | १० | २२.२ |
| ३ | चिया नास्ता वितरण गर्ने | ३ | ७ | ९ | ८ | २७ | ६०.० |
| ४ | सरसफाई गर्ने | ३ | ७ | ७ | ६ | २३ | ५१.१ |
| ५ | पानी ल्याउने | १ | ६ | ५ | ३ | १५ | ३३.३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

उत्तरदाताहरू मध्ये अधिकांशले होटलमा काम गर्ने बालबालिकाहरूले होटलमा खाना पकाएका तथा ग्राहकहरूले खाएका जुठा भाँडाहरू माझ्ने गरेको वताएका छन् । यसरी सो कुरा वताउने उत्तरदाताहरूको संख्या ३५ जना अर्थात ७८ प्रतिशत रहेको छ । जसमा ३ जना प्र.अ., ८ जना शिक्षक, १२ जना विद्यर्थी र सोही संख्यामा अभिभावकहरू रहेका छन् । त्यसैगरी २२ प्रतिशत उत्तरदाताहरूले बालबालिकाहरूलाई खाना बनाउने काममा समेत लगाउने गरेको वताएका छन् । सो उत्तर दिनेहरूमा ४ जना शिक्षक, ४ जना विद्यार्थी तथा २ जना अभिभावकहरू रहेका छन् । खाना बनाउने काम अन्तर्गत अन्य ठूला कामदारहरूलाई सघाउने काम गर्ने गरेको जानकारी पाइएको छ । होटलमा आएका ग्राहकहरूलाई चियानास्ता तथा पानी वितरण गर्ने काममा साना बालबालिकाहरूको प्रयोग भएको उत्तरदाताहरू मध्ये ६० प्रतिशत अर्थात २७ जनाले वताएका छन् । तिनीहरूमा ३ जना प्र.अ., ७ जना शिक्षक, ९ जना विद्यर्थी र ८ अभिभावकहरू रहेका छन् । खाना खाईसकेपछि सरसफाई गर्ने कार्यमा होटलमा काम गर्ने बालबालिकाहरूलाई प्रयोग गर्ने गरिएको जानकारी ५१ प्रतिशत उत्तरदाताहरूबाट प्राप्त भयो । जसमा ३ जना प्र.अ., ७ जना शिक्षक, ७ जना विद्यर्थी र ६ अभिभावकहरू गरी जम्मा २३ जना रहेका छन् । होटलमा आवश्यक पर्ने पानी ल्याउने काममा बालबालिकाहरूको प्रयोग भइरहेको जानकारी

३३ प्रतिशत उत्तरदाताहरूले दिएका छन् । जसमा १ जना प्र.अ., ६ जना शिक्षक, ५ जना विद्यर्थी र ३ जना अभिभावकहरू गरी जम्मा १५ जना रहेका छन् । यसरी पानी वोक्दा उनीहरूको शारीरिक क्षमता भन्दा धेरै परिमाणमा वोक्ने गरेको पाइएको छ । यस्ता कार्यले बालबालिकाहरूको शारीरिक विकासमा समेत असर पर्ने गरेको पाइएको छ ।

न्यूनतम पारिश्रमिक र खाने वस्ने सुविधा दिएर होटलमा बालबालिकाहरूलाई काम लगाउने र बालबालिकाहरूको श्रमशोषण गर्ने गरेको पाइयो । स्थानीय एउटा चिया पसलमा काम गर्दै गरेको बालकसँग यो अनुसन्धानकर्ता आफैंले कुरा गर्ने अवसर प्राप्त गरेको थियो । त्यस होटलमा काम गरिरहेको बालक घरबाट भागेर हिडेको र त्यस होटलमा जुठाभाँडा सफागर्ने, पानी, चिया दिने लगायत काम गर्दो रहेछ । उसले जम्मा चार कक्षा सम्ममात्र पढेको वतायो । यसरी उसको भनाइमा घरबाट भागेपछि फेरी घर  फर्कन पनि डराउने र राम्ररी पालनपोषण गर्ने स्थानपनि प्राप्त नहुने भएकाले विभिन्न होटल तथा पसलहरूमा काम गर्ने र जीवन वचाउने गरेको पाइयो । यसरी वाच्न नै कठिन परिरहेको अवस्थामा शिक्षा आर्जन गर्ने कुरा टाढा कै कुरा हुनेगरेको पाइयो ।

४.२.४ अन्य क्षेत्र

माथी उल्लेख गरिएका वाहेक अन्य क्षेत्रहरूमा पनि बालबालिकाहरू बालश्रम गर्न बाध्य भएको पाइयो । विभिन्न सवारी साधनमा खलासी काम गर्ने, ग्यारेजमा काम गर्ने विभिन्न पसलहरूमा काम गर्ने बालबालिकाहरू पनि प्रसस्तै पाइन्छन् । विगत दुई वर्ष देखि माइक्रो वसमा खलासी गर्ने १२ वर्षको एक बालकलाई किन यस गाडिमा काम गरेको भनेर जानकारी माग्दा उसले जानकारी दियो गाडिमा काम गर्दा मजा आउँछ, विभिन्न ठाउमा घुम्न पाइन्छ । घरमा वस्दा घरको काम गर्नुपर्ने र विद्यालय पनि रमाइलो नहुने वरु सरहरूको कुटाइमात्रै खाइन्छ, त्यसैले घर छोडेर यो गाडिमा खलासी गर्न आएको हो उसले पछि गाडि कुदाउन सिकेर ड्राइभर हुने धारणा व्यक्त गऱ्यो ।

बालबालिकाहरूको शारीरिक र मानसिक विकासमा असर नपर्ने गरी सामान्य खालका घरायसी काम गर्नु सामान्य हो । बालबालिकाहरूको बृद्धि र विकासमा नै असर पर्नेगरी आफ्नै घरमा वा अरुको घरमा पनि काम गरिरहेको अवस्था पाइयो । यसका अतिरिक्त अन्य क्षेत्रहरूमा पनि श्रमिकको रुपमा बालबालिकाहरूले काम गरिरहेको पाइयो । खासगरी

बालश्रमका क्षेत्रहरूमा घरेलु श्रमिक, कृषि श्रमिक, होटल र यातायात मजदुरको रुपमा काम गर्ने गरेको पाइयो ।

## ४.३. बालश्रमिक बालबालिकाहरूले विद्यालय छोड्ने कारण

कक्षा १ मा भर्ना भएका विद्यार्थीहरू मध्ये आधा भन्दा कमले मात्र प्राथमिक तह पूरा गर्दछन् । यसरी प्राथमिक तहमा विद्यालय छोड्ने बालबालिकाहरूको संख्या अझपनि पुर्णरुपमा घट्न सकेको छैन । बालबालिकाहरूले विद्यालय छोड्ने कारणहरूकाबारेमा शिक्षक, अभिभावक, प्रधानाध्यापक र बालबालिकाहरूसँग छलफल, अन्तर्वार्ता तथा विभिन्न सूचनाहरूको आधारमा निम्नानुसारका कारणहरू रहेको पाइयो । ती कारणहरूलाई निम्न लिखित तालिकामा उल्लेख गरी व्याख्या गरिएको छ ।

तालिका ८ : बालबालिकाहरूले विद्यालय छोड्ने कारणहरू

| क.सं. | विद्यालय छोड्ने कारणहरू | उत्तरदातहरू (४५ जना मध्ये) | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ | शिक्षक | अभिभावक | विद्यार्थी | | |
| १ | अभिभावकहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक नहुनु | ४ | ८ | ८ | ७ | २७ | ६०.० |
| २ | बालश्रमिकको रुपमा काम गर्नु परेकाले | ५ | ९ | १० | ११ | ३५ | ७७.८ |
| ३ | परिवारको आकार ठूलो हुनु | ४ | ७ | ५ | २ | १८ | ४०.० |
| ४ | स्वास्थ्य समस्या | २ | ६ | ५ | २ | १५ | ३३.३ |
| ५ | कमजोर आर्थिक अवस्था | ४ | ७ | ११ | ६ | २७ | ६०.० |
| ६ | निशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग गरिनु | ३ | ८ | २ | ३ | १६ | ३५.६ |
| ७ | शिक्षकको भेदभावपूर्ण व्यवहार | - | २ | ३ | ६ | ११ | २४.४ |
| ८ | विद्यालयको वातावरण बालमैत्री नहुनु | १ | २ | - | ४ | ७ | १५.६ |
| ९ | कक्षामा अनुत्तीर्ण हुनु | २ | ३ | ५ | १० | २० | ४४.४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

बालबालिकाहरूले विद्यालय छोड्ने कारणहरूका बारेमा उत्तरदाताहरू मध्ये २७ जना अर्थात ६० प्रतिशतले अभिभावकहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक नभएको वताएका छन् । त्यसरी उत्तर दिनेहरूमा ४ जना प्र.अ., ८ जना शिक्षक, ८ जना अभिभावक  र ७

जना विद्यार्थी गरी जम्मा २५ जना रहेका छन् । बालबालिकाहरूले बालश्रमिकको रुपमा काम गर्नु परेका कारण विद्यालय छोड्ने गरेको जानकारी उत्तरदाताहरू मध्ये सबैभन्दा बढी ३५ जना अर्थात ७८ प्रतिशतले दिएका छन् । त्यसरी उत्तर दिनेहरूमा ५ जना प्र.अ., ९ जना शिक्षक, १० जना अभिभावक  र ११ जना विद्यार्थी जना रहेका छन् । त्यसैगरी परिवारको आकार ठूलो भएका कारण सबै बालबालिकाहरूलाई अध्ययनका निम्ति खर्च जुटाउन नसकेका कारण कैयौ बालबालिकाहरूले विद्यालय छोडेको वताउने उत्तरदाताहरूको संख्या ४० प्रतिशत रहेको छ । त्यसरी उत्तर दिनेहरूमा ४ जना प्र.अ., ७ जना शिक्षक, ५ जना अभिभावक र २ जना विद्यार्थी गरी जम्मा १८ जना रहेका छन् । बालबालिका तथा तिनका अभिभावकहरूको स्वास्थ्य अवस्था कमजोर भएका कारण बालबालिकाहरूले विद्यालय छोड्ने गरेको प्रतिक्रिया उत्तरदाताहरू मध्ये ३३ प्रतिशतले व्यक्त गरेका छन् । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ६ जना शिक्षक, ५ जना अभिभावक  र २ जना विद्यार्थी गरी जम्मा १५ जना रहेका छन् ।

परिवारको आर्थिक अवस्था कमजोर भएका कारण धेरै बालबालिकाहरूले विद्यालय शिक्षाबाट बञ्चित हुनु परेको कुरा ६० प्रतिशत उत्तरदाताहरूले वताएका छन् । त्यसरी उत्तर दिनेहरूमा ४ जना प्र.अ., ७ जना शिक्षक, ११ जना अभिभावक  र ६ जना विद्यार्थी गरी जम्मा २७ जना रहेका छन् । आफ्ना छोराछोरीहरूलाई काममा लगाउदा उनीहरूलाई शुल्क तिर्नु नपर्ने भएका कारणपनि कैयो अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई श्रमिकले झैं काम लगाउने गरेको र त्यसरी काम गर्नुपरेपछि बालबालिकाहरू विद्यालय जान छोड्ने गरेको प्रतिक्रिया उत्तरदाताहरू मध्ये ३६ प्रतिशतले दिएका छन् । तिनीहरूमा मा ३ जना प्र.अ., ८ जना शिक्षक, २ जना अभिभावक  र ३ जना विद्यार्थी गरी जम्मा १६ जना रहेका छन् । त्यसैगरी विद्यालयमा हुने गरेको भेदभाव पूर्ण व्यवहारमा २४ प्रतिशत अर्थात ११ उत्तरदाताहरू रहेका छन् । त्यसरी उत्तर दिनेहरूमा २ जना शिक्षक, ३ जना अभिभावक  र ६ जना विद्यार्थी गरी जम्मा ११ जना रहेका छन् । विद्यालयको वातावरण बालमैत्रीपूर्ण नभएका कारणबारे १६ प्रतिशत र कक्षामा अनुत्तीर्ण भएकाले विद्यालय छोड्ने गरेको प्रतिक्रिया ४४ प्रतिशतले दिएका छन् । त्यसरी उत्तर दिनेहरूमा २ जना प्र.अ., ३ जना शिक्षक, ५ जना अभिभावक  र १० जना विद्यार्थी गरी जम्मा २० जना रहेका छन् ।

केही अभिभावकहरूको शिक्षाप्रतिको दृष्टिकोण नकारात्मक पाइयो । आफूले नपढेपनि जीवन चलेकै छ भन्ने धारणाा उनीहरूमा पाइयो । उनीहरूको ध्यान पढेका मानिसहरूमा भन्दा

नपढेका मानिसहरूमा बढी गएको पाइयो । यसै प्रसङ्गमा एक जना अभिभावकले नपढेपनि राम्रै पैसा कमाएका एक व्यक्तिको नामै लिएर उदाहरण दिदै भने उसले जम्मा पाँच कक्षा पढेर छाडेको हो र पनि राम्रैगरी पैसा कमाएको छ । त्यस्ता अभिभावकहरूले पढ्नुको मुख्य अभिप्राय पैसा कमाउनु मात्र हो । पैसालाई मात्र सबैकुरा ठान्ने प्रवृत्तिले गर्दा कतिपयले आफ्ना छोराछोरीलाई विद्यालय पठाउनुको सट्टा अन्यकाममा लगाउने गरेको पाइयो । यसरी पढाइमा अभिभावकले कम महत्व दिएकै कारण कतिपय बालबालिकाहरू विद्यालय जान छोडेको पाइयो ।

परिवारको आकार ठूलो भएका परिवारका बालबालिकाहरूले आफ्नो अध्ययन कार्यलाई जारी राख्न नपाएको अवस्था पाइयो । परिवारको आकार ठूलो भएपछि खर्च बढीहुने, काम ज्यादा गर्नुपर्ने भएकाले सबै बालबालिकाले शिक्षा लिन नपाउने अवस्था छ । प्रायजसो कम शिक्षित अभिभावकहरूको परिवार संख्या ठूलो हुने साथै उनीहरूको आयआर्जनको बाटोपनि सहज नहुने भएकाले आफ्ना छोराछोरीलाई घरमा नै काम लगाउने गरेको पाइयो । एक जना अभिभावकले दिएको जानकारी अनुसार परिवारको संख्या धेरै भएपछि खानेकुरा, लुगाफाटोमा नै धेरै खर्च हुन्छ त्यसैले सक्ने जति सबैले काम नगरी खानै पुग्दैन । ठूलो परिवारमा आधारभूत आवश्यकताका वस्तुहरू धेरै चाहिने भएकाले एक-दुई जनाले मात्र काम गरेर पुग्दैन आ-आफ्नो क्षमता अनुसारको काम सबैले गर्नुपर्छ ।

बालबालिकाहरू स्वास्थ्य समस्याका कारण पनि विद्यालय शिक्षाबाट बञ्चित हुनेगरेको पाइयो । ग्रामीण क्षेत्रका बालबालिकाहरूको स्वास्थ्यमा खासै ध्यान दिएको पाइदैन । सामान्य प्रकारका रोग लागेमा तुरुन्तै ओषधि उपचार गर्ने चलन कमै मात्र पाइन्छ । फलस्वरुप बालबालिकाहरूमा गम्भिर स्वास्थ्य समस्या देखापर्ने गर्छ । जसका कारण विद्यार्थीहरू विद्यालय जान छोड्छन् । शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन नसकिरहेको अवस्था पाइयो । अपाङ्गलाई हेर्ने दृष्टिकोण अझैं पनि पूरानै रहेको छ । सपाङ्गले त केही गर्न सकेका छैनन् अपाङ्गले के गर्न सक्छन् भन्ने जस्ता धारणााहरू विद्यमान रहेको पाइयो । विद्यालयको वातावरण अपाङ्गमैत्री नभएका कारण पनि उनीहरूको पठनपाठनमा समस्या उत्पन्न हुनेगरेको पाइयो । अन्य बालबालिकाहरूले हेप्ने, गिज्याउने, भेदभावपूर्ण व्यवहार गर्ने गरेकाले पनि अपाङ्गहरूले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन नसकेको पाइयो । शिक्षकहरूले अपाङ्गहरूलाई भेदभाव नगरिएको अवस्था

पाइयो तर अपाङ्गका निम्ति उपयुक्त र सुविधाजनक कक्षाकोठा, शौचालय, धारा चाहिँ छैन । त्यसैले उनीहरूले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन नसकेका हुन सक्छन् ।

अभिभावकहरूको स्वास्थ्य समस्याका कारणपनि विद्यार्थीहरूले आफ्नो पढाइलाई निरन्तरता दिन नसकेको अवस्था भेटियो । कतिपय अभिभावकहरूमा दीर्घरोग रहेको र उनीहरूले कामपनि गर्न नसक्ने अवस्था रहेको पाइयो । यसरी अभिभावकहरूले कामपनि गर्न नसकेपछि बालबालिकाहरूले घरको सबैकाम गर्नुपर्ने साथै आफ्ना बाबुआमाको काम समेत आफैंले गर्नुपर्ने भएकाले विद्यालय जाने फुर्सद नभएको वताए । बालबालिकाहरू वारम्वार विरामीहुने, कतिपय बालबालिकाहरूमा दीघरोग लागेका कारण विद्यालय छोड्ने गरेको पाइयो । त्यसैगरी बाबुआमाको स्वास्थ्य समस्याले समेत बालबालिकाहरूले विद्यालय शिक्षालाई निरन्तरता दिन नपाएको अवस्था छ । शारीरिक अपाङ्गता भएका बालबालिकाहरूका निम्ति आपाङ्गता मैत्री वातावरण नभएर विद्यालयलाई निरन्तरता दिन नसकेको पाइयो ।

सरकारले विद्यालय तहको शिक्षा निशुल्क गरेको छ । विद्यालयमा भर्ना शुल्क, मासिक शुल्क लगायतका शुल्कहरू तिर्नु पर्दैन । त्यस्तो सरकारी नीति हुदाहुदैपनि केही बालबालिकाहररु विद्यालय शिक्षाबाट बञ्चित भएको, प्राथमिक तह पूरा नगर्दै विद्यालय छोड्नेगरेको अवस्था छ । केटाकटीलाई स्कूले लुगा, कापी कलम सबैथोक किन्ने पैसा जुटाउन समस्या हुने गरेको छ । अभिभावकमा नियमित आयआर्जनको बाटो नभएमा बालबालिकाहरूलाई विद्यालय शिक्षामा निरन्तरता दिन कठिन पर्ने प्रष्ट देखिन्छ । गाँस, वास, कापास पछि मात्र शिक्षा पर्ने भएकाले गाँस र वासको अभाव हुदाहुदै शिक्षाले प्राथमिकता पाउने कमै सम्भावना देखिन्छ ।

विशेषगरी कृषि क्षेत्रमा बढी जनशक्तिको आवश्यकता पर्दछ । ग्रामीण क्षेत्रका अधिकांश मानिसहरूको मुख्य पेशा कृषि नै रहेको पाइन्छ । अन्य कामदार लगाएर खेतीपातीको कामगर्दा बढी खर्चिलो पर्ने हुदा आफ्नै छोराछोरीलाई निशुल्क श्रमिकको रुपमा काममा लगाउने गरेको पाइन्छ । धान रोप्ने र धान काट्ने समयमा त आधा विद्यार्थीपनि विद्यालय नआउने गरेको जानकारी पाइयो । त्यसैले उनीहरूको पढाइमा पनि बाधा नपरोस् र घरको मुख्य कृषिको काम पनि भ्याउन् भनेर वर्षे विदा धान रोप्ने बेलामा दिने र दशैं र तिहारको वीचमा पनि विदा दिने गरेको पाइयो ।

विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूलाई समान व्यवहार गर्नुपर्छ । विद्यालयमा जान्ने र नजान्ने, केटा र केटी, धनी र गरिव, नजिक र टाढाको आधारमा भेदभाव गर्नु हुदैन । तर केही विद्यार्थी तथा अभिभावकहरूले भने केही शिक्षकहरूले विद्याथीसँग भेदभावपूर्ण व्यवहार गर्ने गरेको गुनासो गरे ।

वालवालिकाहरू विद्यालय जान आफैं उत्प्रेरित हुनु आवश्यक छ । बालबालिकाहरूलाई विद्यालय जाउँजाउँ लाग्ने वातावरण सृजना गर्नुपर्छ । बालबालिकाहरू र शिक्षकशिक्षिकाहरू वीच सुमधुर सम्वन्ध हुनपर्छ । तर सबै शिक्षक तथा विद्यार्थीहरू वीच सुमधुर सम्वन्ध नरहेको अवस्था पाइयो । केही शिक्षकहरूसँग बालबालिकाहरू वोल्न समेत डराउने गरेको जानकारी पाइयो । केही शिक्षकहरूसँग भने आफ्ना समस्याहरू वताउने गरेको पनि अनुसन्धानको क्रममा पाइयो ।

कक्षा दोहोऱ्याउने कार्यलाई शैक्षिक क्षतिको रुपमा लिइन्छ । अधिकाशं बालबालिकाहरू कक्षा उत्तिर्ण हुने गरेपनि केही बालबालिकाहरू भने अनुत्तीर्ण हुने गरेको पाइयो । यसरी अनुत्तीर्ण हुनेहरू मध्ये अधिकांशले विद्यालय छोड्ने गरेको जानकारी शिक्षकहरूले दिए । विद्यार्थी अनुत्तीर्ण हुने धेरै कारणहरू रहेको जानकारी प्राप्त भयो । विद्यालय नियमित नजानु, बालबालिकाहरूको स्वास्थ्य कमजोर हुनु र वारम्वार विरामी हुनु, पढाइ प्रति ध्यान नदिनु, मूल्याङ्कन गर्ने तरिकामा कमजोरी, घरायसी कामको वोझ बालमैत्री वातावरणको अभाव अदि कारणहरूले गर्दा विद्यार्थीहरू अनुतिर्ण हुने गरेको पाइयो ।

सबै विद्यालय उमेरका बालबालिकाहरूले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन पाउनु पर्छ । उनीहरूलाई सरोकारबाला सबै पक्षले उपयुक्त वातावरणको व्यवस्था गरिदिनु पर्छ । विगत तीनवर्षको प्राथमिक तहमा विद्यालय छोड्ने दर हेर्दा बालबालिकाको विद्यालय छोडाइले शिक्षामा राज्यले गरेको लगानी पूर्ण रुपमा सदुपयोग नभएको जस्तो लाग्छ । बालबालिकाहरूले विद्यालय छोड्ने धेरै कारणहरू पाइयो । विद्यालय छोडेका मध्ये आधा भन्दा बढी बालबालिकाहरूले पारिवारिक कारणले विद्यालय छोड्ने गरेको पाइयो ।

मास्लोले भनेझैं मानिसले न्यूनतम् आधारभूत आवश्यकताहरूको परिपूर्ती भएपछि मात्र त्यसभन्दा माथिका आवश्यकताको खोजी गर्नेगर्छ । जवसम्म मानिसलाई खाने लगाउने कुरा नै कसरी जुटाउने भन्ने समस्या परिरहन्छ तवसम्म शिक्षा, स्वास्थ्य, सुरक्षा जस्ता कुराहरूको खोजी नै गर्दैन । अधिकाशं मानिसहरूको पेशा कृषि भएकाले

बालबालिकाहरूलाई खेतवारीमा काम लगाउने, खेती नभएका अभिभावकहरू ज्याला मजदुरी गर्न जाने र उनीहरूका छोराछोरीले वाखापाठा र भाइवहिनीहरू हेर्ने काम गर्दै गुजारा चलाइरहेको  पाइन्छ । यस्तो परिवारमा बालबालिकाहरूलाई विद्यालय पठाउदा आफूले घरको काममा लाग्नुपर्ने र ज्याला मजदुरी गर्नेकाममा बाधा पर्ने हुन्छ फलस्वरुप खान लगाउन नै समस्या पर्ने भएकाले बालबालिकाहरू विद्यालय नै नजाने र गएपनि निरन्तरता नपाउने गरेको छ । त्यसैले यहाँ प्रयोग गरिएको सिद्धान्त र अनुसन्धानको प्राप्ती वीचमा मेल खाएको देखिन्छ ।

## ४.४ विद्यालय छोड्ने अवस्थालाई सुधार्ने उपायहरू

प्राथमिक विद्यालय तहको शिक्षा निशुल्क भएपनि सबै बालबालिकाहरूले शिक्षा लिन पाइरहेका छैनन् । विद्यालय भर्ना भएकाहरू सबैले प्राथमिक तह पार गरिरहेको अवस्था छैन । विभिन्न कारणहरूले बीचैमा विद्यालय छोडिरहेको अवस्था छ । नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थीहरूसँग गरिएको छलफल, प्रश्नावलीको उत्तर, प्रत्यक्ष अवलोकन आदिका आधारमा प्राथमिक तहको विद्यालय छोडाइका कारणहरू र ती कारणहरूलाई न्यूनीकरण गर्न सुझाइएका उपायहरूलाई निम्न तालिकामा देखाई वस्तुगत ढङ्गले अध्ययन विश्लेषण गरिएको छ ।

तालिका ९ : विद्यालय छोड्ने अवस्थालाई सुधार्ने उपायहरू

| क्र. स. | सुधारगर्ने उपायहरू | उत्तरदाताहरू | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | | |
| १ | अभिभावकहरूलाई शिक्षाको महत्व वुझाएर | ४ | ८ | १ | १३ | ४३.३ |
| २ | गरिवी न्यूनीकरण गरेर | ३ | ७ | १० | २० | ६६.७ |
| ३ | छात्रवृत्तिको सदुपयोग गरेर | ३ | ७ | ४ | १४ | ४६.७ |
| ४ | विद्यालयमा हुने भेदभाव को अन्त्य गरेर | १ | ४ | १२ | १७ | ५६.७ |
| ५ | अनुत्तीर्ण हुने दर घटाएर | २ | ६ | ११ | १९ | ६३.३ |
| ६ | बालबालिका सम्वन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरेर | २ | ५ | २ | ९ | ३०.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

अभिभावकहरूलाई शिक्षाको महत्व वुझाएर हाल देखिएको बालश्रमका कारण विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्न सकिन्छ भन्ने धारणाा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १३ रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये ४ जना प्रधानाध्यापक, ८ जना शिक्षक तथा १ जना अभिभावक गरी जम्मा १३ जना अर्थात ४३ प्रतिशतले सो धारणाा व्यक्त गरेको पाइयो ।

विद्यालय छोड्ने अवस्थालाई सुधार्ने उपायहरूका बारेमा प्राप्त प्रतिक्रियाहरू मध्ये सबैभन्दा बढी ६७ प्रतिशतले गरिवी न्यूनीकरण गर्नुपर्ने सुझाव दिएका छन् । सो प्रतिक्रिया दिनेहरूमा प्रधानाध्यापक ३ जना, शिक्षक ७ जना तथा अभिभावकहरू १० जना गरी जम्मा २० जना

रहेको पाइयो । छात्रवृत्तिको सही सदुपयोग गरर हाल देखिएको बालश्रमका कारण विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्न सकिन्छ भन्ने धारणाा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १४ अर्थात ४६.४ प्रतिशत रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये ३ जना प्रधानाध्यापक, ७ जना शिक्षक तथा ४ जना अभिभावकले सो धारणाा व्यक्त गरेको पाइयो ।

विद्यालयमा हुने भेदभाव को अन्त्य गरेर हाल देखिएको बालश्रमका कारण विद्यालय छोड्ने अवस्थालाई सुधार गर्न सकिन्छ भन्ने धारणाा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १९ रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये १ जना प्रधानाध्यापक, ४ जना शिक्षक तथा १२ जना अभिभावक गरी जम्मा १७ जना अर्थात ६३.३ प्रतिशतले सो धारणाा व्यक्त गरेको पाइयो । विद्यालयमा हुने भेदभाव को अन्त्य गरेर हाल देखिएको बालश्रमका कारण विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्न सकिन्छ भन्ने धारणाा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १७ रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये २ जना प्रधानाध्यापक, ६ जना शिक्षक तथा ११ जना अभिभावक गरी  ५६.७ प्रतिशतले सो धारणाा व्यक्त गरेको पाइयो । बालबालिका सम्वन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरेर हाल देखिएको बालश्रमका कारण विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्न सकिन्छ भन्ने धारणाा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या जम्मा १७  अर्थात ३० प्रतिशत रहेको पाइयो । नमुना छनौटमा परेका मध्ये २ जना प्रधानाध्यापक, ५ जना शिक्षक तथा २ जना अभिभावकले सो धारणा व्यक्त गरेको पाइयो ।

अभिभावकहरूलाई शिक्षाको महत्वका बारेमा जनचेतना जगाउनुपर्ने धारणाा शिक्षक तथा प्र.अ.ले राखेका छन् । अभिभावकहरूले शिक्षालाई कम प्राथमिकतामा राखेको पाइयो । उनीहरूको शिक्षा प्रतिको दृष्टिकोण सकारात्मक पाइएन । प्राय जसो आफूले शिक्षा प्राप्त नगरेका र कृषि पेशामा संलग्नहरूको यस्तो धारणाा पाइयो । त्यसैले शिक्षाप्रतिको सकारात्मक दृष्टिकोण नभएका अभिभावकहरूलाई शिक्षाको महत्व उदाहरण सहित वुझाउन सकेमा उनीहरूले बालबालिकाहरूलाई नियमित रुपमा विद्यालय पठाउने वातावरण बन्न सक्छ । छोराछोरीलाई राम्रोसँग पढाउन सकेमा उनीहरूले राम्रैसँग आय अर्जन  गर्न सक्छन् फलस्वरुप परिवारका सबै सदस्यहरूको जीवन सहज हुन सक्छ भन्ने कुरा समाजमा नै उदाहरणहरूबाट प्रष्ट्याउनु पर्ने हुन्छ । प्रौढ शिक्षाका माध्यमबाट आफ्नो नाम लेख्न सक्ने, सामान्य चिठी पढ्न सक्ने, मोवाइलबाट आफैं नम्वर डायल गरेर फोन गर्न सक्ने बनाउन सकेमा उनीहरूले स्वत शिक्षाप्रतिको दृष्टिकोण सकारात्मक बनाउन

सक्छन् । परिणामस्वरुप बालबालिकालाई घरको काममा भन्दा अध्ययन कार्यमा जोडदिन मद्धत गर्ने अवस्थाको सृजना हुन्छ ।

बालश्रम सुधारगर्ने उपायहरूका बारेमा प्रतिक्रिया व्यक्त गर्नेहरूमध्ये सबैभन्दा बढीले गरिवी न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरेर गरिव परिवारका अभिभावकहरूलाई आर्थिकरुपले सक्षम बनाउन सकेमा बालश्रम घटेर जाने धारणाा व्यक्त गरेका छन् । बीचैमा विद्यालय छोड्ने मध्ये अधिकांश बालबालिकाहरूकोपरिवारको आर्थिक अवस्था कमजोर रहेको पाइयो । त्यस्ता अभिभावकहरूको नियमित आम्दानीको बाटो नभएको  पाइयो । अधिकांशले परम्परागत पाराले कृषिकार्य गरिरहेको पाइयो । आफ्ना बालबालिकाहरूलाई पनि खेतीपाती कै काममा संलग्न गराउने गरेको पाइयो । त्यसैले सरकारी तवरबाट नै गरिवी निवारणका कार्यक्रमहरू सञ्चालन गरेर गरिव नागरिकको जीवनस्तर माथि उठाउन पहल गर्नुपर्छ । परम्परागत रुपले धेरै खेतीगरेर थोरै उत्पादन गर्ने अवस्थाको अन्त्य गरी थोरै खेती गरेर धेरै उत्पादन गर्ने अवस्थाको सृजना गर्नुपर्छ । यसो गर्न सकिएमा कृषिकार्यमा कामदारको संख्या कम लाग्ने भएकाले बालबालिकाहरू बालश्रम गर्नुको सट्टा विद्यालय जाने अवस्थाको सृजना हुन्छ । गास, वास र कपास जस्ता आधारभूत आवश्यकताहरूको पूर्ति पश्चात बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने कार्यलाई निरन्तरता दिने अवस्था वन्छ ।

उत्तरदाताहरूमध्ये ४७ प्रतिशतले छात्रवृत्ति वापत प्राप्तहुने रकम बालबालिकाहरूको अध्ययन कार्यमा आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापनमा खर्चगर्ने गरेमा उनीहरूको अध्ययन कार्यले निरन्तरता पाउन सक्ने कुरा वताएका छन् । आफ्नो आर्थिक अवस्था कमजोर भएका साथै जेहेन्दार विद्यार्थीहरूलाई आफ्नो अध्ययन कार्यलाई सुचारु गर्नका लागि छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । त्यसरी वितरण गरिने छात्रवृत्ति उचित व्यक्तिहरूलाई प्रदान गरिनुपर्छ । साथै वितरित छात्रवृत्तिले बालबालिकाहरूको पठनपाठनमा सघाउ पुऱ्याउनु पर्छ । तर कतिपय अभिभावकहरूले छात्रवृत्ति वापत पाएको रकमलाई अन्य व्यवहारिक काममा खर्च गरेको पाइयो । त्यसैले छात्रवृत्ति वितरण गर्दा एउटा उपसमिति वनाएर छानविन गरी सही व्यक्तिहरूलाई मात्र छात्रवृत्ति वितरण गर्नुपर्छ । त्यसका साथसाथै छात्रवृत्तिलाई प्रत्येक अभिभावकले बालबालिकाहरूको पठनपाठनसँग सम्बन्धित पूर्वाधारमा खर्च गर्नुपर्छ । अन्य व्यवहारिक काममा छात्रवृत्तिको रकम खर्चगर्ने कार्यलाई निरुत्साहनगर्न सकेमा विद्यार्थीहरूको अध्ययन  कार्यलाई निरन्तरता पाउछ ।

छनौटमा परेकाहरूले विद्यालयमा भेदभाव हुने गरेको र सोही भेदभावपूर्ण व्यवहारले बालबालिकाहरू विद्यालय छोडेर बालश्रममा संलग्न हुने गरेकाले त्यस्तो भेदभावपूर्ण क्रियाकलापहरूको अन्त्य हुनुपर्ने धारणा व्यक्त गरे । विद्यार्थीहरू वीचमा हुने भेदभावहरूको अन्त्य गर्ने कार्यमा शिक्षकहरूको प्रमुख भूमिका हुन्छ । छलफलका क्रममा केही शिक्षकहरूले भौतिक दण्ड दिने गरेको जानकारी पाइएको थियो । यस्तो कार्यलाई तुरुन्त अन्त्य गर्न सकेमा विद्यार्थी र शिक्षकवीचको सम्वन्ध सुमधुर बन्न जान्छ । जसले विद्यालय छोड्ने दरलाई न्यूनीकरण गर्न मद्धत पुग्दछ । लैङ्गिक र आर्थिकरुपमा विद्यार्थी विद्यार्थी वीचमा हुनेगरेका भेदभावपूर्ण व्यवहारहरूको पनि शिक्षकले विद्यालयमा नै अन्त्य गर्नुपर्छ । भेदभाव गर्ने विद्यार्थीहरूलाई सम्झाई वुझाई गरेर सबै विद्यार्थीहरू समान हुन् भन्ने भावनाको विकास गराउनु पर्छ । यसका अतिरिक्त कमजोर विद्यार्थीहरूलाई पठनपाठनका क्रममा प्राथमिकता दिनु आवश्यक हुन्छ । कमजोर विद्यार्थीहरूले जान्ने मौका नै नपाई पाठ अगाडि वढेमा उ सधैं पछाडि नै परिरहन्छ र अन्त्यमा अनुत्तीर्ण हुने र विद्यालय नै नजाने खतरा उत्पन्न हुन्छ । त्यसैले विद्यालयमा हुने सबै प्रकारका भेदभावपूर्ण व्यवहार र क्रियाकलापको अन्त्यगर्न सकेमा विद्यार्थीहरूको विद्यालय छोड्ने दरमा कमी आउँछ ।

बालबालिकाहरू अनुत्तीर्ण हुने धेरै कारणहरू रहेको पाइयो । घरमा कामगर्नु पर्ने भएकाले विद्यार्थीहरू नियमित विद्यालय जान नपाउने र उनीहरूको प्रसस्तै पाठहरू छुट्ने भएकाले परीक्षामा अनुत्तीर्ण हुनेगरेको पाइयो । अर्धवार्षिक र वार्षिक परीक्षका आधारमा मात्र विद्यार्थीको मूल्याङ्कन गर्दा प्रसस्तै विद्यार्थीहरू अनुत्तीर्ण भएको पाइयो । घरमा काम नभएको बेलामा मात्र विद्यालय गए पुग्ने साथै विद्यालयमा दिनभर अध्ययन गरेपछि घरमा पढ्नु नपर्ने भन्ने अभिभावकहरूको मानसिकताले पनि विद्यार्थीहरूको अनुत्तीर्ण हुने दरलाई वढाएको पाइयो । बालबालिकाहरूको इच्छ, चाहाना, आवश्यकता र रुची अनुसारका विषयवस्तुहरू पाठ्यक्रममा समावेश गर्ने र त्यसैका आधारमा अध्यापन गराउने, बालबालिकाहरूलाई खेलका माध्यमबाट सिकाउने, आवश्यक शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने जस्ता कार्यहरू गर्न सकेमा अनुत्तीर्ण हुने दरमा कमी ल्याउन सकिन्छ । यसरी अनुत्तीर्ण हुने दरमा कमी आएमा विद्यालय छोड्ने दरमा पनि कमी आउने देखिन्छ ।

मार्क्सले भने झैं समाजमा रहेका दलित, कमजोर आर्थिक अवस्था भएका शोषित वर्गका परिवारका बालबालिकाहरू नै बालश्रमिकका रुपमा काम गर्न बाध्य भएको अवस्था छ । धनी वर्गका मानिसहरूले तिनीहरूलाई काममा लगाई उनीहरूबाट प्रसस्तै फाइदा लिइरहेको

अवस्था छ । त्यसैले आफ्ना बालबालिकाहरूलाई सामन्त तथा धनी वर्गका घरमा काम गर्न राख्नुको सट्टा विद्यालय पठाएर राम्रोसँग शिक्षा लिने वातावरणको निर्माण तिनै गरिव परिवारका अभिभावकहरूले गर्नु जरुरी छ । जसको परिणमस्वरुप भोलीको पुस्ताले धनी तथा सामन्तवर्गको थिचोमिचो सहनु पर्दैन ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

प्राथमिक तहको भर्नादरमा प्रत्येक शैक्षिक सत्रमा कमी आइरहेको पाइयो । विगत तीन वर्षको कुल भर्नालाई हेर्दा शैक्षिक सत्र २०६५ को भन्दा २०६७ मा ८१ जना विद्यार्थीहरू कम भर्ना भएको अवस्था पाइयो । बीचैमा विद्यालय छोड्ने विद्यार्थीहरूको संख्या पनि उच्च रहेको पाइयो । तर यो दरमा भने क्रमश कमी आइरहेको अवस्था छ । त्यस्तै कक्षा दोहोऱ्याउने दरमा पनि प्रत्येक वर्ष कमी आइरहेको छ । उदार कक्षोन्नती मूल्याङ्कन प्रणाली लागुभए पश्चात कक्षा दोहोऱ्याउने दरमा कमी आएको पाइयो ।

बालबालिकाहरू आफ्नो अध्ययन गर्ने उमेरमा शारीरिक तथा मानसिक रुपमा असर पुग्ने खालका काममा संलग्न भएको अवस्था पाइयो । विद्यालय छोडेर बालबालिकाहरू घरेलु श्रमिकका रुपमा आफ्नो तथा अर्काको घरमा काम गरिरहेको पाइयो । कृषि श्रमिकको रुपमा ज्याला मजदुरी तथा आफ्नै खेतमा समेत काम गरिरहेको अवस्था भेटियो । त्यसैगरि यातायात, होटल तथा अन्य क्षेत्रमा समेत बालबालिकाहरूले काम गरिरहेको अवस्था पाइयो । बालबालिकाहरूले काम गर्ने क्षेत्रमध्ये सबैभन्दा बढी कृषि श्रमिकको रुपमा ३५ प्रतिशत, दोस्रोमा घरेलु श्रमिकको रुपमा काम गरिरहेको अवस्था पाइयो । त्यसैगरी यातायात होटल तथा अन्य क्षेत्रमा पनि केहीले काम गरिरहेको पाइयो ।

कृषि क्षेत्रमा कामगर्ने बालबालिकाहरू विशेष गरी खेती लगाउने र उठाउने बेलामा बढी श्रमिकको रुपमा कामगर्ने गरेको पाइयो । त्यसैगरी गाईवाखा चराउने घाँस काट्ने लगायतका काममा पनि उनीहरू प्रयोग भइरहेको पाइयो । घरेलु श्रमिकको रुपमा कामगर्नेहरू मध्येपनि अर्काको घरमा काम गर्नेहरूले भने विद्यालय जाने मौका नपाएको अवस्था छ । शुरुमा घरको केही काम गरेर विद्यालय पठाउने शर्तमा बालबालिकाहरूलाई अर्काको घरमा राख्ने गरेपनि केही समय पछि घरको कामले गर्दा विद्यालयमा दिएको गृहकार्य लगायत अन्य कामहरू गर्न नभ्याउने र विद्यालयमा अरु साथीहरूको अगाडि दण्डित हुनु परेका कारणले बालबालिकाहरू विद्यालय जान छोडेको पाइयो ।

अनुसन्धानको शिलसिलामा बालबालिकाहरूले बीचैमा विद्यालय छोड्ने कारणहरूमा अभिभावकहरूको शिक्षाप्रतिको नकारात्मक धारणा, परिवारको आकार ठूलो हुनु,

बालबालिका तथा परिवारका सदस्यहरू रोगीहुनु, परिवारको आर्थिक अवस्था कमजोर हुनु, निशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग गर्नु, शिक्षकले विद्यालयमा भेदभावपूर्ण व्यवहार गर्नु, विद्यालयको वातावरण बालमैत्री तथा अपाङ्गमैत्री नहुनु, कक्षामा अनुत्तीर्ण हुनु आदि रहेको पाइयो । केही अभिभावकहरूले शिक्षाको महत्व नवुझ्केका कारण उनीहरू आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन त्यती मन नलगाएको पाइयो । परिवारको आकार ठुलो भएका अभिभावकहरूले पनि आफ्ना केही बालबालिकाहरूलाई विद्यालय नपठाएको अवस्था पाइयो । कमजोर आर्थिक अवस्था भएकाले सबै बालबालिकाहरूका लागि आवश्यक पर्ने शैक्षिक सामग्री तथा अन्य आवश्यक सामग्रीहरू जुटाउन कठिन पर्ने भएकाले समेत बालबालिकाहरूले आफ्नो अध्ययन कार्यलाई जारी राख्न नपाएको अवस्था भेटियो ।

बालबालिकाहरूले विद्यालय छोड्ने अवस्थालाई न्यूनीकरण गर्ने उपायहरूमा अशिक्षित तथा शिक्षाको महत्व नवुझ्केका अभिभावकहरूलाई शिक्षाको आवश्यकता र महत्व वुझ्काएर, गरिवी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरेर, गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति वितरण गर्नुका साथै उक्त छात्रवृत्ति रकमको सही सदुपयोग गरेर, विद्यालयमा हुने भेदभावपुर्ण व्यवहारको अन्त्य गरेर, बालबालिकाहरू अनुत्तीर्ण हुने दर घटाउन सकेमा विद्यालय छोड्ने दरमा कमी ल्याउन सकिने अवस्था पाइयो ।

## ५.२ निष्कर्ष

प्राथमिक तहका विद्यार्थीहरूको विद्यालय छोड्ने दरमा हरेक वर्ष कमी आइरहेको छ । प्राथमिक तहको विद्यार्थी भर्ना, कक्षा दोहोऱ्याउने दरमा पनि कमी आइरहेको छ । यसरी भर्नामा नै कमी आउनाको कारण संस्थागत विद्यालयहरू प्रतिको आकर्षण हो ।

बालबालिकाहरूले आफ्नो शारीरिक मानसिक र वौद्धिक विकास हुने समयमा प्रसस्तै बालश्रमयुक्त कामहरू गरिरहेका छन् । उनीहरूले श्रम गर्नुपर्ने भएकाले केहीले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिन नसकेको अवस्था छ । बालश्रमिकहरू मध्ये केही बालबालिकाहरू आफ्नै घरमा र केही अर्काको घरमा श्रमगर्न बाध्य छन् । प्रायजसो कृषि क्षेत्रमा कामगर्ने बालबालिकाहरूले आफ्नै घरपरिवारहरूसँग काम गर्ने गरेका छन् । विशेषगरी खेती लगाउने र उठाउने समयमा अधिकांश विद्यार्थीहरू विद्यालय नजानेगरेको पाइयो । प्राय घर छोडेर हिडेका बालबालिकाहरू भने होटल तथा यातायातका क्षेत्रमा काम गरिरहेको अवस्था छ । केही पारिवारिक कारण तथा केही साथीहरूको लहैलहैमा लागेर घर

छोडेर हिडेको अवस्था पाइयो । त्यसरी घर छोडेर हिडेका मध्ये कसैलेपनि आफ्नो अध्ययन कार्यलाई निरन्तरता नदिएको पाइयो । उनीहरूमध्ये अधिकांशले अध्ययनलाई निरन्तरता दिने मन नभएको वताए । यसबाट बालबालिकाहरूमा अझैपनि अध्ययनको महत्व थाहा नभएको साथै अध्ययन अध्यापन कार्य रुचीपूर्ण र आवश्यकतामुखी हुनुको सट्टा अतिरिक्त वोझको रुपमा रहेको प्रष्ट हुन्छ ।

बालवालिकहरूले विद्यालय छोड्ने धेरैवटा कारणहरू रहेको पाइयो । अभिभावकहरूले आफ्ना बालबालिकाहरूको अध्ययन कार्यलाई भन्दा कामलाई प्राथमिकतामा राखेको पाइयो । उनीहरूमा शिक्षाको महत्व र आवश्यकता प्रति खासै ध्यान नपुगेकाले अभिभावकहरूलाई शिक्षाको महत्वलाई उदाहरण सहित वुझाउनु आवश्यक छ । यसका अतिरिक्त बालबालिकाको शिक्षालाई भन्दा कामलाई प्राथमिकतामा राखेकाले यस्तो कार्यलाई सच्याउन जरुरी छ । परिवारको आकार ठूलो भएकाले न्यूनतम आधारभूत आवश्यकताको परिपूर्तिमा मात्रै परिवारको ध्यान केन्द्रित हुने भएकाले शिक्षा कम प्राथमिकतामा परेको अवस्था छ । परिवारको कमजोर आर्थीक अवस्थाका कारण बालबालिकाहरूले काम गर्नुपर्ने भएकाले उनीहरूको अध्ययन कार्यले निरन्तरता पाउन सकिरहेको छैनभने अर्कातर्फ पठनपाठनका निम्ति आवश्यक सरसामग्रीको व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । विद्यालय छोड्ने अन्य कारणहरूमा निशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग, विद्यालयमा हुने भेदभावपूर्ण व्यवहार, परिवारमा वोलिने भाषा र माध्यम भाषामा फरक हुनु, बालबालिकाहरूको इच्छा चाहाना, आवश्यकता र रुची अनुसारको शिक्षा उपलव्ध नहुनु, विद्यालयको वातावरण बालमैत्रीपूर्ण नहुनु, परीक्षामा अनुत्तीर्ण हुनु, लैङ्गिक रुपमा विभेद गरिनु जस्ता कारणहरूले बालबालिकाहरूलाई विद्यालय छोड्ने कार्यमा टेवा पुऱ्याएको छ ।

जुन अभिभावकहरूले शिक्षाको महत्व नवुझेर आफ्ना बालबालिकाहरूको अध्ययन कार्यलाई प्राथमिकतामा राख्न सकेको छैनन् उनीहरूलाई विभिन्न उदाहरणहरूबाट शिक्षाको महत्व वुझाउदै आफ्ना बालबालिकाहरूलाई विद्यालयीय शिक्षालाई निरन्तरता दिने वातावरण तयार गर्नुपर्छ । गरिवी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै छात्रवृत्ति वितरणलाई सही रुपमा गर्नुपर्छ । पढ्नेलेख्ने उमेरका बालावालिकाहरूलाई शारीरिक श्रममा लगाउदा उनीहरूको शारीरिक मानसिक र वौद्धिक विकासमा असरपर्ने बारेमा अभिभावकहरूलाई जानकारी गराउदै त्यस्तो कार्यमा बालबालिकाहरूलाई नलगाई अध्ययनको वातावरण बनाउनु पर्छ । विद्यालयमा विद्यार्थी-विद्यार्थी वीचमा हुन भेदभावपुर्ण व्यवहारको अन्त्य

गर्नुपर्छ । विद्याथीहरूलाई भौतिकरुपमा दिइने दण्डलाई पुर्णरुपमा निर्मूल पार्नुपर्छ । विद्यालयमा बालमैत्रीपूर्ण वातावरणको विकास गर्नसकेमा बालबालिकाहरूमा विद्यालय जाने कार्यमा थप हौसला प्रदान गर्न सकिन्छ । त्यसैगरी अपाङ्ग बालबालिकाहरूलाई अपाङ्गमैत्री व्यवहार तथा भौतिक पूर्वाधारहरूको निर्माण गर्न सकेमा उनीहरूको अध्ययन कार्यले समेत निरन्तरता पाउनसक्छ ।

## ५.३ सुझावहरू

बालश्रमिकले बीचैमा विद्यालय छोड्नाका कारणहरु भन्ने शीर्षकमा केन्द्रीत रहेर गरिएको अनुसन्धानबाट प्राप्त भएका जानकारी, सूचना तथा अध्ययनको अन्त्यमा निकालिएको निष्कर्षका आधारमा भविश्यमा विद्यालय छोड्ने दरमा कमी ल्याउनका लागि गरिने क्रियाकलापहरू अझ फलदायी बनाउनका लागि निम्न अनुसार सुझाव दिन सकिन्छ ।

सबै बालबालिकाहरूलाई अनिवार्य शिक्षा दिने भनिएपनि कैयौ बालबालिकाहरू अहिले पनि शिक्षाको अवसरबाट बञ्चित छन् । विद्यालय गएकाहरू मध्ये सबैले प्राथमिक तह पार गरेको अवस्था छैन । शिक्षा क्षेत्रमा गरिएको लगानी मध्ये आधा भन्द बढी प्राथमिक तहमा गरिए पनि उपलब्धिभने सन्तोषजनक छैन । प्राथमिक शिक्षाको लागि सरोकारबाला पक्षहरूलाई बढी जिम्मेवार र उत्तरदायी बनाउने नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ । आर्थिक रुपमा विपन्न ग्रामीण समुदायका जनसमुदायहरूलाई उनीहरूको आर्थिक स्तर उकास्ने किसिमका कार्यक्रमहरू उपलब्ध गराई आत्मनिर्भर बनाउने किसिमका कार्यक्रमहरू तयार गरी लागुगर्नु पर्ने हुन्छ ।

विद्यालय जाने बालबालिकाहरूलाई सबै किसिमका घरेलु श्रमबाट मुक्त गरी नियमित विद्यालय जाने वातावरण सृजना गर्नु पर्दछ । विद्यालयमा पर्याप्त भौतिक सुविधाहरूको व्यवस्था गरी कमजोर विद्यार्थीहरूलाई छुट्टै समुहमा राखेर कक्षा सञ्चालनको व्यवस्था गरी उनीहरूलाई प्रोत्साहन दिइनु पर्दछ । गरिवी न्यूनीकरण गर्नका लागि गाउँघरमा सीपमूलक आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ । विद्यालयमा वितरणको लागि उपलब्ध छात्रवृत्तिलाई समुचित रुपमा लक्षित वर्गको पहिचान गरी वितरणको व्यवस्था गरिनु पर्दछ । विभिन्न उत्प्रेरणाका क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थीहरूको मनोविज्ञानलाई बुझेर पठनपाठन गराउने व्यवस्था गराउनु पर्दछ । पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू

व्यवहारिक र समसामयिक वनाउदै शिक्षण क्रियाकलापको सम्बन्धित निकायहरूबाट निरन्तर निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाउनु पर्दछ ।

सबै बालबालिकाहरूले शिक्षा लिन पाउनुपर्ने भएता पनि वर्तमानमा त्यसो हुन सकिरहेको छैन । बीचैमा कक्षा छोड्ने दरमा कमी आएपनि यो अवस्थाको पूर्ण रुपमा अन्त्य हुन सकिरहेको छैन । त्यसैले बीचैमा विद्यालय छोड्ने कारणहरूको खोजी गर्ने, विद्यालयमा विद्यार्थीहरूलाई टिकाइ राख्न प्र.अ., शिक्षक तथा अभिभावकहरूको भूमिकाको खोजी गर्ने, कुन जाति, धर्म, पेशा, लिङ्गका बालबालिकाहरूको बीचैमा  विद्यालय छोड्ने दर बढी छ भन्ने जस्ता विषयहरूमा अनुसन्धान गर्नुपर्ने हुन्छ ।

# सन्दर्भ सामग्री

काफ्ले, वासुदेव र पौडेल, गिरीराज ( २०६४) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौ : जुपिटर पव्लिकेसन एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्दति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

गौतम, रमेशप्रसाद, (२०६४, फाल्गुण), शिक्षामा पहुँच सवै वर्गमा, *गोरखापत्र,* १०७ (२०४), ७ ।

चौधरी, वरुणकुमार (२०६५), *मधेसी दलित विद्यार्थीहरुले प्राथमिक तह पूरा नगरी बीचैमा कक्षा छोड्नाका कारणहरुको अध्ययन,* अप्रकाशित शोधपत्र, मोरङ्ग : सुकुना वहुमुखी क्याम्पस ।

धिताल, तारक (२०५८), *निकृष्ट प्रकारको वालश्रम अन्त्य गर्ने अभियान,* वालसरोकार, काठमाडौं : सिविन ।

थापा, हर्कराज (२००१) दलित बालबालिकाहरुको कक्षा छोडाइको अवस्था एक अध्ययन अप्रकाशित शोधपत्र, धनकुटा : धनकुटा वहुमुखी क्याम्पस, शिक्षा शास्त्र संकाय ।

प्रधान, गौरी (२००४), *नेपालमा वाल अधिकारको स्थिती,* नेपाल वालमजदुर सरोकार केन्द्र, काठमाडौं ।

पोखेल, हरीहर (२०६२), *प्राथमिक तहमा सुकुम्वासी बालबालिकाहरुको सहभागिता कस्तो रहेको छ,* (अप्रकाशित शोधपत्र) काठमाडौं : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय ।

पौडेल, बावुराम, पोखेल, कमलप्रसाद, आचार्य, सुवासचन्द्र, कलौनी, दिपकराज (२०६२), *नेपालको शैक्षिक पद्दति* काठमाडौं : सनलाईट पब्लिकेशन ।

विद्यालय तथ्याङ्क (२०६७), जिल्ला शिक्षा कार्यालय, झापा ।

भट्ट, दीर्घराज (२०६२), *विद्यालय छोडाइमा सामाजिक साँस्कृतिक प्रभाव,* अप्रकाशित शोधपत्र मोरङ्ग : सुकुना वहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

राष्ट्रिय योजना आयोग (२०५९), दशौ योजना (२०५९-२०६४) काठमाडौं : राष्ट्रिय योजना आयोग ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६१), *शिक्षा योजना,* काठमाडौं : एम.के. पव्लिशर्स एण्ड डिष्ट्रीव्युटर्स, ।

शाह, राजेन्द्रवहादुर (२०६१), *अछाम जिल्लमा मा.वि. तहमा Drop out गर्ने छात्र, छात्रा दर तथा संख्या एक अध्ययन,* अप्रकाशित शोधपत्र विरेन्द्रनगर : सुर्खेत वहुमुखी क्याम्पस ।

शिक्षा विभाग (२०६४), *समविकास शिक्षा,* नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाडौं ।

शिक्षा विभाग (२०६७), *शैक्षिक सूचना संगालो,* भक्तपुर : सानोठिमी ।

सिविन, (२०६२), *बालश्रम र शिक्षा,* नेपाल बालमजदुर सरोकार केन्द्र, काठमाडौं ।

Best, J.W. & Kahn, J.V. (2008).*Research in Education* (10th ed.). Delhi: Prentice Hall of India.

CERID, (1987). *An inquiry into the causes of primary school drop- out in rural Nepal* . Kathmandu .

Koul, L. (1997). *Methodology of Educational Research(3rd ed.).* New Delhi: Vikash Publication House.

Pradhan R.B. (1975). *A study of the extent of the causes of dropouts of the primary school of dhankuta village* . Unpublished dissertation for M.A./ T.U.

Sanjel, Ram Kumar (2009), *Child Labor in Hotel and Restaurant, a case study of Damak municipality*, Jhapa. Unpublished dissertation for M.A./ T.U. .

Sing, Sumana (2002). *A study on child domestic servant in Lalitpur*.

Unpublished dissertion for M.A./ T.U. kirtipur .

## बालश्रमिकले बीचैमा विद्यालय छोड्नाका कारणहरु

## अनुसूची १

## स्रोतव्यक्तिका लागि अन्तर्वार्ताका प्रश्नहरु

स्रोतव्यक्तिको नाम :

स्रोतकेन्द्र :

१. तपाइँ स्रोतव्यक्तिमा नियुक्त हुनु भएको कति वर्ष भयो ?

२. तपाईको स्रोतकेन्द्रमा विद्यालय छोड्ने दर कस्तो रहेको छ ?

३. तपाइको स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा कक्षा दोहोऱ्याउने दर कस्तो रहेको छ ?

४. विद्यार्थीहरुले बीचैमा विद्यालय छोड्ने कारण के हो ?

५. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु बालश्रमका कुन-कुन क्षेत्रमा सम्लग्न हुने गरेका छन् ?

६. बालबालिकाहरु के कारणले बालश्रममा सम्लग्न हुन्छन् ?

७. हालको बीचैमा विद्यालय छोड्ने क्रमलाई कसरी घटाउन सकिन्छ ?

८. बीचैमा विद्यालय छोड्ने क्रमलाई सुधार गर्न स्रोतकेन्द्रको भूमिका कस्तो रहेको छ ?

## बालश्रमिकले बीचैमा विद्यालय छोड्नाका कारणहरु

## अनुसूची २

## प्रधानाध्यापकका लागि प्रश्नावली

प्रधानाध्यापकको नाम :

विद्यालयको नाम :

१. प्र.अ.मा नियुक्त हुनु भएको कति समय भयो ?

२. तपाईंको विद्यालयमा प्राथमिक तहको विद्यार्थी भर्नादर कस्तो रहेको छ ?

३. तपाईंको विद्यालयमा कुन समुदायका बालबालिकाहरुले विद्यालय छोड्ने गरेका छन् ?

४ बालबालिकाहरुले किन बीचैमा विद्यालय छोड्छन् ?

५. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु के गर्ने गर्छन् ?

६. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु बालश्रमका कुन-कुन क्षेत्रमा सम्लग्न हुने गरेका छन् ?

७. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु बालश्रमका कुन क्षेत्रमा वढि सम्लग्न हुने गरेको पाउनु भएको छ ?

क) कृषि ख) घरेलु श्रमिक

ग) यातायात घ) अन्य

८. बालश्रमका कारणले विद्यालय छोड्ने दरलाई न्यनीकरण गर्न के गर्न सकिन्छ ?

९. बीचैमा विद्यालय छोड्ने क्रमलाई घटाउन तपाईले कस्तो भूमिका खेल्नु भएको छ ?

१०. बीचैमा विद्यालय छोड्ने दरलाई घटाउन अभिभावकहरुले कस्तो भुमिका खेल्न सक्छन् ?

११. बीचैमा विद्यालय छोड्नेदर कुन जाति, समुदाय, वर्ग र लिङ्गमा वढि रहेको छ ?

# बालश्रमिकले बीचैमा विद्यालय छोड्नाका कारणहरु

## अनुसूची ३

## शिक्षकका लागि अन्तर्वार्ता सूचि

शिक्षकको नाम :

विद्यालयको नाम :

१. तपाइँको विद्यालयमा प्राथमिक तहको विद्यार्थी भर्नादर कस्तो रहेको छ ?

२. तपाइँको विद्यालयमा कुन समुदायका बालबालिकाहरुले विद्यालय छोड्ने गरेका छन् ?

३. तपाइँको कक्षामा विद्यार्थीहरुले गृहकार्य नियमित गर्छन् ?

क) गर्छन् □ ख) गर्दैनन् □

ग) कहिलेकाहिँ □

४. कक्षाको अन्तिम मूल्याङ्कनमा कति प्रतिशत विद्यार्थीहरु सहभागि हुन्छन् ?

क) सवै □ ख) ८० %भन्दा वढि

ग) ६० % भन्दा वढि □ घ) ६० % भन्दा कम

५. तपाइँको कक्षामा बीचैमा विद्यालय छोड्ने दर केटा र केटी मध्ये कसको वढि छ ?

६. बालबालिकाहरुले के कारणले बीचैमा विद्यालय छोड्छन् ?

७. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु के गर्ने गर्छन् ?

८. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु बालश्रमका कुन-कुन क्षेत्रमा सम्लग्न हुने गरेका छन् ?

९. बीचैमा विद्यालय छोडेका बालबालिकाहरु बालश्रमका कुन क्षेत्रमा वढि सम्लग्न हुने गरेको पाउनु भएको छ ?

| | | | |
|---|---|---|---|
| क) कृषि | □ | ख) घरेलु श्रमिक | □ |
| ग) यातायात | □ | घ) अन्य | □ |

१०. बालश्रमका कारणले विद्यालय छोड्ने दरलाई न्यनीकरण गर्न के गर्न सकिन्छ ?

११. बीचैमा विद्यालय छोड्ने क्रमलाई घटाउन तपाईले कस्तो भूमिका खेल्नु भएको छ ?

१२. बीचैमा विद्यालय छोड्ने दरलाई घटाउन अभिभावकहरुले कस्तो भुमिका खेल्न सक्छन् ?

## बालश्रमिकले बीचैमा विद्यालय छोड्नाका कारणहरु

## अनुसूची ४

## अध्ययनको नमुना र नमुना छनोट विधि

| क्र.सं | विवरण | नमुना | नमूना छनौट विधि |
|---|---|---|---|
| १ | स्रोतकेन्द्र र स्रोत व्यक्ति | १ | उद्देश्यमूलक नमुना छनोट विधि |
| २ | विद्यालय | ५ | सुविधाजनक नमुना छनोट विधि |
| ३ | प्र.अ. | ५ | उद्देश्यमूलक नमुना छनोट विधि |
| ४ | शिक्षक | १० | सामान्य संभावनायुक्त विधि |
| ५ | विद्यार्थी | १५ | उद्देश्यमूलक नमुना छनोट विधि |
| ६ | अभिभावक | १५ | उद्देश्यमूलक नमुना छनोट विधि |

## बालश्रमिकले बीचैमा विद्यालय छोड्नाका कारणहरु

## अनुसूची ५

## नमूना छनौटमा परेकाहरुको नामावली

| क.स. | नामावली | पद | शैक्षिक योग्यता | ठेगाना |
|---|---|---|---|---|
| १ | मातृकाप्रसाद नेपाल | प्र.अ. | वि.कम्., वि.एड. | कञ्चनजंघा |
| २ | विश्वप्रकास आचार्य | प्र.अ. | आइ.ए. | हिमालय |
| ३ | भक्तिप्रसाद पौडेल | प्र.अ. | आइ.एड. | नवदुर्गे |
| ४ | देवकुमार दहाल | प्र.अ. | आइ.एड. | शान्ती |
| ५ | सुरेन्द्रकुमार राई | प्र.अ. | आइ.एड. | सिंहदेवी |
| ६ | राजेन्द्र विश्वकर्मा | शिक्षक | एस.एल.सी. | कञ्चनजंघा |
| ७ | कविता मावो | शिक्षक | + २ | कञ्चनजंघा |
| ८ | प्रेम व. राई | शिक्षक | आइ.एड. | हिमालय |
| ९ | रुक्मणी रिजाल | शिक्षक | आइ.ए. | हिमालय |
| १० | नवराज ढुंगाना | शिक्षक | आइ.एड. | नवदुर्गे |
| ११ | देवीप्रसाद सापकोटा | शिक्षक | आइ.ए. | नवदुर्गे |
| १२ | तारादेवी वास्तोला | शिक्षक | वि.एड. | शान्ती |
| १३ | विष्णुप्रसाद भट्टराई | शिक्षक | आइ.एड. | शान्ती |
| १४ | पुष्पराज खनाल | शिक्षक | आइ.एड. | सिंहदेवी |
| १५ | इन्दिरा दहाल | शिक्षक | आइ.ए. | सिंहदेवी |
| १६ | प्रदिप सुव्वा | विद्यार्थी | | कञ्चनजंघा |
| १७ | इन्दिरा पौडेल | विद्यार्थी | | कञ्चनजंघा |
| १८ | सुमन परियार | विद्यार्थी | | कञ्चनजंघा |

| | | | | |
|---|---|---|---|---|
| १९ | सुरज सोरेन | विद्यार्थी | | हिमालय |
| २० | निरज राई | विद्यार्थी | | हिमालय |
| २१ | मिलन वस्नेत | विद्यार्थी | | हिमालय |
| २२ | केवल खड्का | विद्यार्थी | | नवदुर्गे |
| २३ | संझना वि.क. | विद्यार्थी | | नवदुर्गे |
| २४ | राजन दंगाल | विद्यार्थी | | नवदुर्गे |
| २५ | दिलिप मर्डी | विद्यार्थी | | शान्ती |
| २६ | नविन कार्की | विद्यार्थी | | शान्ती |
| २७ | संदेश कामत | विद्यार्थी | | शान्ती |
| २८ | इशा योङ्हाङ्ग | विद्यार्थी | | सिंहदेवी |
| २९ | प्रकाश चुडाल | विद्यार्थी | | सिंहदेवी |
| ३० | सन्देश राई | विद्यार्थी | | सिंहदेवी |
| ३१ | धनवहादुर सुव्वा | अभिभावक | निरक्षर | कञ्चनजंघा |
| ३२ | कृष्णप्रसाद पौडेल | अभिभावक | साक्षर | कञ्चनजंघा |
| ३३ | लालवहादुर परियार | अभिभावक | निरक्षर | कञ्चनजंघा |
| ३४ | बालकुमार सोरेन | अभिभावक | निरक्षर | हिमालय |
| ३५ | जङ्गवहादुर राई | अभिभावक | निरक्षर | हिमालय |
| ३६ | निर्मला वस्नेत | अभिभावक | निरक्षर | हिमालय |
| ३७ | कुलवहादुर खड्का | अभिभावक | निरक्षर | नवदुर्गे |
| ३८ | दिलवहादुर वि.क. | अभिभावक | निरक्षर | नवदुर्गे |
| ३९ | शान्ती दंगाल | अभिभावक | ५ पास | नवदुर्गे |
| ४० | मंगल मर्डी | अभिभावक | निरक्षर | शान्ती |
| ४१ | ज्ञानवहादुर कार्की | अभिभावक | साक्षर | शान्ती |
| ४२ | निरज कामत | अभिभावक | निरक्षर | शान्ती |

| | | | | |
|---|---|---|---|---|
| ४३ | तेजवहादुर याङहाङ्ग | अभिभावक | ५ पास | सिंहदेवी |
| ४४ | कमलप्रसाद चुडाल | अभिभावक | निरक्षर | सिंहदेवी |
| ४५ | सुर्य राई | अभिभावक | निरक्षर | सिंहदेवी |
| ४६ | सुर्यप्रसाद सापकोटा | स्रोतव्यक्ति | एम.एड. | तोपगाछी स्रोतकेन्द्र |